
# बालअधिकारसम्बन्धी परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता

## Children's Participation in Project Cycle Management




Sweden
Sverige

Save the Children

कन्सोर्टियम-नेपाल
Consortium Nepal

# बालअधिकारसम्बन्धी परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता

## (Children's Participation in Project Cycle Management)

कन्सोर्टियम-नेपाल

२०८२

| | |
|---|---|
| पुस्तकः | बालअधिकारसम्बन्धी परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता |
| लेखन तथा सम्पादनः | श्री चन्द्रिका खतिवडा |
| सम्पादन सहयोगः | श्री कृष्णप्रसाद सुवेदी र श्री निना महर्जन |
| सुझाव तथा सल्लाहः | श्री सन्तोष महर्जन, श्री दिल ऐर, श्री अर्जुन थापा मगर, श्री प्रदिप लामिछाने, श्री गौरव के.सी. |
| प्रकाशकः | कन्सोर्टियम नेपाल, विजुलीबजार, काठमाण्डौ। |
| प्रकाशन सहयोगः | सेभ द चिल्ड्रेन। |
| प्रकाशन वर्षः | वि.सं. २०८२ |
| ग्राफिक्स डिजाइनः | विकल्प मिडिया प्रा. लि. |

# पुस्तिकाका बारेमा...

सम्पूर्णमा नमस्कार

बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)को तर्फबाट बालअधिकारसम्बन्धी परियोजना चक्र व्यवस्थापनमा बालसहभागिताको आवश्यकता र महत्वसम्बन्धी यो पुस्तिका प्रकाशन गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

बालबालिकाको सहभागिता कुनै पनि कार्यक्रम वा परियोजनाको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सहभागी गराउनुपर्ने एउटा मौलिक अधिकार मात्र नभई, कार्यक्रमलाई थप प्रभावकारी, सशक्त र दिगो बनाउन आवश्यक प्रक्रिया पनि हो । बालसहभागिताबाट बालबालिकाका दृष्टिकोण, आवश्यकता र सिर्जनशील विचारलाई सम्बोधन गर्न सकिन्छ, जसले नतिजा केन्द्रित र समुदायमैत्री परियोजना व्यवस्थापनमा योगदान पुऱ्याउँदछ ।

यस पुस्तिका तयार पार्ने क्रममा आफ्नो ज्ञान, अनुभव र समय प्रदान गर्ने सबै विज्ञ, लेखन तथा सम्पादन गर्नुहुने श्री चन्द्रिका खतिवडा, साझेदार संस्था सेभ द चिल्ड्रेनका श्री दिल ऐर, लगायतका व्यक्तिहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, यस पुस्तिकाको प्रकाशनले बालसहभागिताको अभ्यासलाई अझै व्यापक रूपमा बुझ्न र व्यवहारमा उतार्न सहयोग पुग्ने विश्वास लिएको छु ।

यस पुस्तिका सम्पूर्ण सरोकारवालाहरू, शिक्षक, अभिभावक, विकासकर्मी तथा नीति निर्माण तहमा कार्यरत व्यक्तिहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्नेछ भन्ने अपेक्षा राख्दै, सबैमा बालअधिकारको सम्मान र बालमैत्री परियोजना व्यवस्थापन प्रवर्द्धन गर्न प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

**सन्तोष महर्जन**

अध्यक्ष

कन्सोर्टियम नेपाल

# विषयसूची


**परिच्छेद-१: बालअधिकारसम्बन्धी परियोजना तथा बालसहभागिता १-३**

१.१ बालअधिकारसम्बन्धी परियोजना के हो ? १

१.२ बालसहभागिता के हो ? २

१.३ परियोजना चक्रको अवधारणा २

१.४ परियोजनाको सफलताका सूचकहरू ३

**परिच्छेद-२: परियोजना चक्र व्यवस्थापन ४-१४**

२.१ परियोजना चक्र व्यवस्थापन के हो ? ४

२.२ परियोजना चक्रका चरणहरू ५

२.२.१ समस्या/परियोजनाको पहिचान ५

२.२.२ परियोजनाको तर्जुमा तथा प्रस्तावना तयारी ७

२.२.३ परियोजना कार्यान्वयनपूर्वको तयारी ८

२.२.४ परियोजना कार्यान्वयन १०

२.२.५ परियोजनाको अनुगमन तथा समीक्षा १०

२.२.६ परियोजनाको समापन १२

**परिच्छेद-३: परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता प्रवर्द्धन १५-३९**

३.१ बालसहभागितासम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १५

३.२ परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता किन ? २५

३.३ परियोजना चक्रका विभिन्न चरणहरूमा बालसहभागिता २९

३.३.१ समस्याको पहिचानमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने २९

३.३.२ परियोजनाको ढाँचा निर्माणमा बालसहभागिता ३१

३.३.३ परियोजनाको कार्यान्वयनमा बालसहभागिता ३३

३.३.४ परियोजनाको अनुगमनमा बालसहभागिता ३४

३.३.५ परियोजनाको मूल्याङ्कनमा बालसहभागिता ३६

३.३.६ परियोजनाको समापनमा बालसहभागिता ३८

**परिच्छेद-४: स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता ४०-४६**

४.१ स्थानीय तहको विकास योजना ४०

४.२ स्थानीय तहमा वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तर्जुमा ४०

४.३ स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्नका लागि बालभेला ४३

**परिच्छेद-५: परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता प्रवर्द्धन गर्न उपयोगी हुने केही विधिहरू ४७-६०**

# परिच्छेद–१ः

# बालअधिकारसम्बन्धी परियोजना तथा बालसहभागिता

## १.१ बालअधिकासम्बन्धी परियोजना के हो ?

परियोजना भन्नाले कुनै व्यक्ति, व्यक्तिहरूको समूह, संस्था वा निकायले निश्चित उद्देश्य प्राप्त गर्नको लागि गरिने प्रयासको चरणबद्ध रूप भन्ने बुझिन्छ । परियोजनाको लक्ष्य र उद्देश्य हुन्छ । परियोजनामा योजना हुन्छ । योजनाको कार्यान्वयन गर्ने निर्दिष्ट खाका हुन्छ । यसर्थ, निर्दिष्ट उद्देश्य हासिल गर्नको लागि स्पष्ट सुरूवात तथा समापनको कार्यढाँचा अनुरूप उपलब्ध बजेटको परिचालन गरी तोकिएका कार्य गर्ने प्रक्रिया नै परियोजना हो । बालअधिकारसम्बन्धी परियोजनाको कुरा गर्नुपर्दा बालबालिकाको हकअधिकारको प्रवर्द्धन, संवर्द्धन तथा संरक्षण गर्ने लक्ष्य तथा परिभाषित उद्देश्य हासिल गर्न स्पष्ट योजना, क्रियाकलाप कार्यान्वयनको कार्यढाँचा सहित उपलब्ध बजेटको परिचालन गरी तोकिएका कार्य गर्ने प्रक्रिया नै बालअधिकारसम्बन्धी परियोजना हो ।

### परियोजनाको आधारभूत पक्षहरू

१. **अस्थायी प्रकृतिः**

परियोजना सामान्यतः अस्थायी प्रकृतिका हुन्छन् । प्रत्येक परियोजनाको सुरूवात र अन्त्य निश्चित हुन्छ ।

२. **योजनाबद्धः**

प्रत्येक परियोजनाको निश्चित उद्देश्य प्राप्त गर्नको लागि योजनाबद्ध ढाँचा यकिन गरिएको हुन्छ ।

३. **विशिष्ट प्रकृतिः**

प्रत्येक परियोजना आफैंमा विशिष्ट प्रकृतिका हुन्छन् । प्रत्येक परियोजनाले पृथक उत्पादन गर्ने, सेवा तथा परिणाम हासिल गर्ने प्रयत्न गरेको हुन्छ ।

४. **निश्चित खाकाः**

प्रत्येक परियोजनामा निश्चित क्रियाकलापहरूको श्रृङ्खला हुन्छ र सोही अनुरूपको अपेक्षित उपलब्धि (वा डेलिभरेबल) को योजना गरिएको हुन्छ ।

५. **अनुगमन, समीक्षा र मूल्याङ्कनः**

परियोजनामा योजनाअनुसार कार्यान्वयन भए नभएको जानकारी पाउनका लागि अनुगमन र समीक्षा गरिन्छ । कार्यक्रमको प्रभावको लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ ।

## १.२ बालसहभागिता के हो ?

संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १२ का अनुसार सबै बालबालिकालाई आफ्नो बढ्दो उमेर, विकासको स्तर र परिपक्वता अनुरूप स्वतन्त्र एवम् सुरक्षित रूपले आफ्ना विचार अभिव्यक्त गर्ने हक हुन्छ । अर्को शब्दमा भन्नुपर्दा, महासन्धिको धारा १२ मा बालबालिकाको उमेर र परिपक्वतालाई ध्यान दिई उनीहरूको प्रत्यक्ष सरोकारको विषयमा स्वतन्त्र रूपमा आफ्नो विचार व्यक्त गर्ने अधिकारबारे उल्लेख गरिएको छ । यस धाराको व्यवस्थाले बालबालिका बालअधिकारका एक सक्रिय सरोकारवाला पक्ष हुन् भन्ने मान्यता स्थापित गरेको छ। साथै, बालबालिका वयस्कले गर्ने निर्णयको निष्क्रिय प्राप्तकर्ता मात्र नभई, सक्रिय सहभागी हुन् र सोही अनुरूप उनीहरूसँग व्यवहार गरिनुपर्दछ भनेको छ। त्यसरी नै, सूचना जानकारी पाउने, सङ्गठित हुने, आफ्नो जीवनमा असर पार्ने निर्णय प्रक्रियामा व्यक्तिगत तथा सामुहिक हैसियतमा भाग लिने लगायतका कुरामा बालबालिका स्वतन्त्र हुन्छन् । यसरी बालबालिकाको जीवनमा प्रभाव पार्ने विविध आयामहरूमा प्रक्रिया सङ्गत रूपमा उनीहरूको संलग्नतालाई नै समग्रमा 'बालसहभागिता' भनेर बुझिन्छ ।




बालबालिकासँग सरोकार राख्ने विकास र शासनका सबै गतिविधिको निर्णय र कार्यान्वयन प्रक्रियाको सबै चरणमा (वयस्क सरह) समान हैसियतमा स्वेच्छापूर्वक एवम् स्वतन्त्र रूपमा सहभागी हुने अधिकार बालसहभागिता हो ।[1] भन्नुको अर्थ, बालसहभागितामा बालबालिकाको उमेर, क्षमता, विकासको स्तर वा सामाजिक स्थिति अथवा हैसियतको बावजूद आफ्नो प्रत्यक्ष सरोकारको विषयमा उनीहरूलाई सूचित गराइनुपर्दछ र उनीहरूको सहभागिता सुनिश्चित हुने वातावरण निर्माण गरिनुपर्दछ ।

## १.३ परियोजना चक्रको अवधारणा

परियोजना चक्रले कुनै परियोजनाको चरणबद्ध अनुक्रमलाई बुझाउँदछ । परियोजना चक्रमा परियोजनाको उत्पत्ति (आवश्यकताको पहिचान), परियोजनाको तर्जुमा (डिजाइन), परियोजनाको कार्यान्वयन, परियोजनाको अनुगमन, समीक्षा तथा मूल्याङ्कनका साथै परियोजना समापनको चरण समेत समावेश भएका हुन्छन् । परियोजना चक्रले परियोजनाको व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि एक निर्दिष्ट ढाँचा प्रदान गर्दछ । साथै,

[1] खतिवडा, चन्द्रिका, बालसहभागिता प्रवर्द्धनका लागि विद्यमान कानूनी एवम् नीतिगत व्यवस्था र सरकारका कार्यक्रमहरू, बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), २०१०, पृ. १९-२० ।

अपेक्षित परिणाम प्राप्त गर्नका लागि चालिनुपर्ने आवश्यक सबै कदमबारे परियोजना चक्रमा सिलसिलेवार रूपमा वर्णन गरिएको हुन्छ। परियोजना चक्रको अवधारणाले परियोजनासम्बन्धी सिकाइमा आभिवृद्धि गर्दछ। एक परियोजनाको सिकाइ अर्को परियोजना सुरूवात गर्नका लागि सहयोगी बन्न सक्दछ। परियोजना चक्रले परियोजनाको बहुआयामिक पक्षबारे बुझ्न सघाउँदछ र कुनै एक क्रियाकलापलाई बृहद् लक्ष्यको सापेक्ष हेर्ने क्षमता बढाउँदछ। सामान्यतया परियोजना चक्रलाई चारदेखि सात चरणमा विभाजन गरिएको पाइन्छ। यस पुस्तिकाको प्रयोजनका लागि परियोजना चक्रलाई देहायका छ (६) ओटा चरणमा विभाजन गरिएको छ (चित्रमा हेर्नुहोस्)।




## १.४ सफल परियोजनाको केही सूचकहरू

१. **समय**: सफल परियोजनाको सूचकमध्ये एक मुख्य आधार भनेको परियोजनामा तोकिएका उद्देश्य समयमै प्राप्त भए वा भएनन् भन्ने हो। समयमा उद्देश्य पूरा भएका परियोजना योजनाअनुसार अनि समयमा नै सम्पन्न भएको मानिन्छ।

२. **लागत**: परियोजना निश्चित बजेटभित्र सम्पन्न गर्न सक्नु परियोजाना सफलताको अर्को महत्वपूर्ण पक्ष हो। स्रोत-साधनको उचित व्यवस्थापन र तोकिएको बजेटमा काम सम्पन्न गर्नु आफैंमा परियोजनाको सफलता हो।

३. **गुणस्तर**: परियोजनाले निर्धारित गुणस्तर मापदण्डलाई पूरा गरेको छ वा छैन भन्ने कुरा पनि सफलताको अर्को सूचक हो। परियोजनाको गुणस्तरीय कार्यान्वयनले लक्षित समुदायको आवश्यकतालाई प्रभावकारी रूपमा सम्बोधन गर्दछ र परियोजनाको दीर्घकालीन प्रभावकारिता निर्धारण गर्दछ।

परिच्छेद–२:

# परियोजना चक्र व्यवस्थापन

## २.१ परियोजना चक्र व्यवस्थापन के हो ?

स्थापित प्रणाली, प्रविधि र ज्ञानको संयोजन गर्दै निर्दिष्ट बजेटभित्र रही निश्चित समयावधिमा पूरा गर्नुपर्ने परियोजनासँग सम्बन्धित क्रियाकलापको प्रभावकारी योजना बनाउनु, कार्यान्वयन गर्नु तथा मूल्याङ्कनसम्मको प्रक्रिया सम्पन्न गर्नु नै परियोजना चक्र व्यवस्थापन हो । अर्को शब्दमा भन्नुपर्दा, दक्ष मानव स्रोतको नेतृत्वमा कुनै परियोजनामा तोकिएको वा पूर्व-परिभाषित समय, बजेट तथा क्षेत्रभित्र रही त्यससँग सम्बन्धित गतिविधि र सोको श्रृङ्खलाबद्ध योजनाको कार्यान्वयन गर्ने प्रक्रिया नै परियोजना चक्र व्यवस्थापन हो ।

परियोजना चक्र व्यवस्थापनले परियोजनाको सबै चरणहरू (समस्याको पहिचान, परियोजना निर्माण, कार्यान्वयन, अनुगमन र समीक्षा, मूल्याङ्कन र समापन) लाई व्यवस्थित रूपमा अघि बढाउन सहयोग पुऱ्याउँदछ । यसले परियोजनाको सफलता सुनिश्चित गर्न एक प्रभावकारी ढाँचा प्रदान गर्दछ । यसले परियोजनाका विभिन्न चरणमा सम्पादन गरिनुपर्ने कार्य गर्न र तिनमा आवश्यक सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्दछ । परियोजना चक्र व्यवस्थापनले परियोजनाका सबै पक्षलाई समेट्न मद्दत पुग्दछ, जसले परियोजनाको गुणस्तरीय कार्यान्वयन गरी अपेक्षित परिणाम हासिल गर्ने सुनिश्चितता गर्दछ ।

परियोजना चक्र व्यवस्थापनले प्रत्येक चरणलाई स्पष्ट रूपमा परिभाषित गरी परियोजनाको उद्देश्य प्राप्त गर्न आवश्यक स्रोत-साधन (मानवीय, आर्थिक, भौतिक र प्राविधिक समेत) को सही पहिचान गर्न, स्रोत-साधनको प्रभावकारी उपयोग गरी परिणाम प्राप्त गर्न मद्दत पुऱ्याउँदछ ।

परियोजना चक्र व्यवस्थापनले परियोजनाको प्रगतिलाई नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न र परियोजनामा आवश्यक परिमार्जन गर्न समेत मद्दत पुऱ्याउँदछ । साथै, यसले सरोकारवालाबीच पारदर्शिता र सहभागिता अभिवृद्धि गर्दै परियोजनाका गतिविधिहरू आवश्यक भएमा निरन्तरता दिन र आवश्यक नदेखिएमा तत्काल परिवर्तन गर्न सघाउँदछ । त्यसले, परियोजनाको प्रभावलाई दिगो र प्रभावकारी बनाउँदछ । साथै, परियोजना चक्र व्यवस्थापनले परियोजनाका अनुभव एवम् सिकाइलाई अभिलेखीकरण गर्न मद्दत गर्दछ । यसरी सिकाइ र अनुभवलाई अभिलेख गरेर तिनलाई आगामी परियोजनाको योजना गर्न तथा कार्यान्वयनमा रणनीतिक रूपमा उपयोग गर्न सकिन्छ ।

## २.२ परियोजना चक्रका चरणहरू (Steps of Project Cycle)

### २.२.१ समस्या/परियोजनाको पहिचान (Problem/Project Identification)

परियोजनाको चक्रमा समस्याको पहिचान पहिलो खुड्किलो हो । यस चरणमा किन र कस्तो परियोजनाको आवश्यकता पर्दछ भन्ने विचार प्रारम्भ हुन्छ । त्यस्तो परियोजनाले कुन लक्षित समुदायको हितमा योगदान पुऱ्याउँदछ भन्ने लेखाजोखा गरिन्छ । साथै, निकाय वा संस्थाको उद्देश्य, लक्ष्य तथा परिकल्पनाको प्राप्तिलाई उक्त पहिचान गरिएको समस्यासँग आधारित परियोजनाले सहयोग पुऱ्याउँदछ कि पुऱ्याउँदैन त्यसको विश्लेषण गरिन्छ । समस्याको पहिचानको जगमा बनाइने परियोजना के साँच्चै गाउँवस्ती, टोल, समुदाय तथा लक्षित वर्गका नागरिकको हितमा छ कि छैन, त्यसको प्रासङ्गिकताको जाँच गरिएको हुनुपर्दछ । अझ, महत्वपूर्ण सवाल के हो भने कुनै समस्याको पहिचान गर्दा सम्बन्धित सरोकारवाला समूह तथा लक्षित समुदायको प्रत्यक्ष सहभागितामा गरिएको हुनुपर्दछ । यसरी समस्याको पहिचान गरिएमा परियोजना त्यति नै वस्तुपरक बन्दछ । यथार्थमा आधारित हुन्छ । त्यसले अपेक्षित लक्ष्य हासिल गर्ने सम्भावनालाई बढाउँदछ ।

बालअधिकार परियोजनाको समस्या पहिचान तथा विश्लेषण गर्दा देहायका विधि उपयोग गर्न सकिन्छ :

### (क) बालअधिकार स्थिति विश्लेषण (Child Rights Situation Analysis)

बालबालिकासँग सम्बन्धित परियोजनाको सन्दर्भमा समुदायको यथार्थ अवस्था बुझ्नका लागि एक महत्वपूर्ण विधिका रूपमा बालअधिकार स्थिति विश्लेषण गर्ने गरिन्छ । बालअधिकार स्थिति विश्लेषणले समुदायमा बालबालिकाको स्थिति उजागर गर्नुका साथै बालबालिकाले आफ्ना अधिकारको परिपूर्ति कसरी गर्न सकेका छन् र तिनका मुख्य-मुख्य समस्याहरू के-के हुन् भन्ने कुरा समेत अध्ययन गरी तिनका कारकहरू तथा त्यसका परिणामको समेत विश्लेषण गर्ने काम हुन्छ ।

> बालबालिकाले आफ्ना अधिकार कत्तिको उपभोग गर्न पाएका छन् भन्ने कुराको वर्णन गरी ती अधिकारको परिपूर्तिमा के-कस्ता बाधा तथा सहयोगी तत्वहरू छन् भन्ने कुराको गहन विश्लेषण नै बालअधिकार स्थिति विश्लेषण हो ।
>
> Save the Children, 'Child Rights Situation Analysis Guidelines, pg. 6, accessed from https://resourcecentre.savethechildren.net/document/save-childrens-child-rights-situation-analysis-guidelines

बालअधिकारको स्थिति विश्लेषणका क्रममा बालबालिकाकै दृष्टिकोणबाट अर्थात उनीहरूकै भोगाइ समेतको अध्ययन तथा विश्लेषण गरी बालअधिकारको स्थिति यकिन गर्नु अझ बढी प्रभावकारी हुन्छ । यसले समुदायमा बालअधिकारको स्थिति तथा उनीहरूका मूल समस्याबारे बुझी त्यसको सम्बोधनका लागि गरिनुपर्ने कार्यको पहिचान गर्न सहयोग पुग्दछ, जुन परियोजनाको पहिचानका लागि महत्वपूर्ण हुन्छ ।

## (ख) आवश्यकताको लेखाजोखा (Need Assessment)

बालअधिकार स्थिति विश्लेषण लगायतका विधिहरूको प्रयोग गरी बालबालिकाको स्थिति तथा बालअधिकारको स्थितिमा सुधार ल्याउन चालिनुपर्ने बृहत् कदमबारे निर्क्यौल गरिसकेपछि परियोजनाको आवश्यकताबारे लेखाजोखा गर्न सकिन्छ। आवश्यकताको लेखाजोखा गर्दा बालबालिकाका मुख्य-मुख्य सवालमा उनीहरूका आवश्यकताबारे स्वयं बालबालिका तथा उनीहरूको सर्वोत्तम हितलाई केन्द्रविन्दुमा राख्दै बालअधिकारका लागि काम गर्ने सरोकारवालासँग प्रत्यक्ष अन्तर्क्रिया गर्न सकिन्छ। त्यस्तो लेखाजोखाले बालअधिकारको वर्तमान स्थिति र अपेक्षित स्थितिबारे यकिन गर्न सघाउँदछ। यसले परियोजनाका मुख्य-मुख्य उद्देश्य तथा क्रियाकलाप पहिचान गर्न समेत मद्दत पुऱ्याउँदछ। अर्थात्, बालअधिकारको विद्यमान स्थिति तथा अपेक्षित स्थितिबीचको खाडलको पहिचान गर्नु नै परियोजनाको आवश्यकताको लेखाजोखा हो।




आवश्यकताको लेखाजोखाले परियोजनाको तयारीमा परियोजना तर्जुमा गर्ने व्यक्ति वा समूहको अनुभव, सिकाइ तथा दृष्टिकोणमा बालबालिकाका आवश्यकता के के हुन सक्दछन् भन्ने कुरालाई मात्रै जोड नदिई बालबालिकाका आफ्नै भोगाइको आधारमा उनीहरूले के कस्ता आवश्यकता औंल्याउँछन् भन्ने समेत बुझ्न सहयोग पुग्दछ।

आवश्यकताको लेखाजोखा गरिँदाको बेलामा नै प्रस्तावित परियोजना क्षेत्रका लक्षित समुदायको अवस्थाबारे जानकारी बटुल्ने कार्य तथा सूचकहरूको पहिचान गर्ने कार्य समेत गरिन्छ, जसलाई आधारभूत सर्वेक्षण भनिन्छ। यसले लक्षित समुदायको अवस्थामा आएको परिवर्तनलाई परियोजनाको प्रगतिसँग तुलना गर्न मद्दत गर्दछ। कोहीकोही दातृ निकायले आधारभूत सर्वेक्षण (बेसलाइन सर्भे) को नतिजा परियोजनाको प्रस्तावमा नै समावेश गर्न पनि भन्दछन्। यदि त्यस्तो माग गरिएको खण्डमा परियोजना तयारीको क्रममा आधारभूत सर्वेक्षण गरी त्यसलाई परियोजनाको डिजाइनमा समावेश गर्नुपर्दछ।

## (ग) परियोजनाको सम्भाव्यता अध्ययन (Feasibility Study)

समस्याको पहिचान एवम् तिनको सम्बोधनका लागि परियोजना तथा त्यसका मुख्य-मुख्य क्रियाकलाप यकिन भइसकेपछि र त्यसका लागि लाग्ने अनुमानित लागतको अन्दाज गरिसकेपछि सो परियोजनाको व्यावहारिकताको विश्लेषण गर्नु नै सम्भाव्यता अध्ययन हो। अर्थात, सो परियोजना (क) के वास्तविक रूपमा समुदायमा लागु गर्न कत्तिको सहज हुन्छ, (ख) कार्यान्वयनका क्रममा के-केस्ता सहजता तथा अवरोधहरू आउन सक्दछन्, (ग) प्रस्तावित परियोजनाको मर्मप्रति लक्षित समूह/समुदाय तथा सरोकारवालाको दृष्टिकोण के-कस्तो रहनेछ, र (घ) परियोजनाका लागि स्रोत जुटाउन कत्तिको सहज होला र के साँच्चै परियोजना साकार पार्न सकिएला त भन्ने जस्ता

प्रश्नहरूको उत्तर सम्भाव्यता अध्ययनका क्रममा खोज्ने गरिन्छ। सम्भाव्यता अध्ययनले परियोजना लागु गर्ने वा नगर्ने भन्ने कुराको निर्णय लिन समेत निकाय वा संस्थालाई दिशानिर्देश गर्दछ।




सरसर्ती हेर्दा परियोजना चक्र व्यवस्थापनको पहिलो चरण, अर्थात् समस्या वा परियोजना पहिचानको चरणमा नै परियोजनाको सुरूवाती ढाँचाको निर्माण भएको हुन्छ। यस ढाँचामा सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापको पहिचान भएका हुन्छन्। ती क्रियाकलाप कार्यान्वयन गरेपछि आउनसक्ने उपलब्धि (अर्थात् 'आउटपुट') को अनुमान गरिएको हुन्छ। परियोजनाले ल्याउने तत्काल र दीर्घकालका उपलब्धिको लेखाजोखा गरिएको हुन्छ। साथै, गाउँघर, टोल तथा समुदायको समग्र अवस्था परिवर्तनमा उक्त परियोजनाले के-कसरी योगदान पुऱ्याउँदछ भनी विश्लेषण गरिन्छ। साथै, यसको दीर्घकालीन असर वा प्रभाव के होला भन्ने बारेमा पनि सम्भाव्यता अध्ययनमा लेखाजोखा गरिएको हुन्छ। यसका अतिरिक्त, यस चरणमा उक्त परियोजनाको लागि लाग्ने स्रोत-साधनको अनुमान र तिनको उपलब्धताबारे उल्लेख गरिएको हुन्छ। समग्रमा भन्दा, यस चरणमा परियोजनाको आधारभूत अवधारणाको निर्माण भई उक्त परियोजना अघि बढाउन स्वीकृति प्राप्त भएको हुन्छ।

### २.२.२ परियोजनाको तर्जुमा तथा प्रस्तावना तयारी (Project Design and Preparing a Proposal)

पहिलो चरणमा बनेको परियोजनाको आधारभूत अवधारणा स्वीकृत भएपछि यस चरणमा परियोजनाको ढाँचा निर्माण कार्यलाई थप विस्तार गरिन्छ। अर्थात् पहिलो चरणमा तयार पारिएको परियोजनाको अवधारणालाई यस चरणमा विस्तृत रूपमा व्याख्या वा विवेचना गरिन्छ। यस चरणमा देहायका कार्यहरू गरिन्छन्-

- परियोजना क्षेत्रको लक्षित समुदायको अवस्थाको विश्लेषण,
- मुख्य सरोकारवालाको पहिचान,
- परियोजनाको सहकर्मी तथा सहयात्रीहरूको पहिचान,
- परियोजनाका उद्देश्यको निर्क्योल,
- निर्धारण गरिएका उद्देश्यले लक्षित समूहको अधिकार परिपूर्तिमा र समुदायको विकास रणनीतिमा के-कसरी सहयोग पुऱ्याउँदछ, त्यसबारे विवेचना,
- दातृ निकायको नीतिसँग प्रस्तावित परियोजनाको तादम्यताबारे चर्चा,
- परियोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत-साधनको अनुमान तथा स्रोत पहिचानको विस्तृत खाकाको तयारी,

- संस्थाले स्थानीय तह, प्रादेशिक र सङ्घीय सरकारसँग गर्ने सहकार्यको तौरतरिकाबारे उल्लेख,
- परियोजनाको बजेट प्रस्तावमा प्रत्येक क्रियाकलापको अनुमानित खर्च विवरण उल्लेख,
- परियोजनाको तार्किक ढाँचा (अर्थात लजिकल फेर्मवर्क) तर्जुमा,
- परियोजनाको क्रियाकलाप कार्यान्वयनको विस्तृत कार्ययोजनाको निर्माण, आदि ।


यसका अतिरिक्त परियोजना कार्यान्वयनको लागि आवश्यक कागजात जस्तैः परियोजनाको सम्झौता पत्र, सरकारी निकाय (स्थानीय तह तथा अन्य निकाय) का सिफारिस पत्र, परियोजना अनुमोदन गरिएको पत्र, सहकर्मी निकाय तथा संस्था पहिचान गर्ने फाराम लगायत अन्य आवश्यक कागजातहरू पनि जुटाइएको हुन्छ । यस चरणमा परियोजनाका सिलसिलामा पूरा गर्नुपर्ने प्रशासनिक प्रबन्ध समेत मिलाइनुपर्दछ ।

**परियोजनाको प्रस्तावनामा समेटिनुपर्ने कुराहरू**

- परियोजनाको लक्ष्य तथा उद्देश्य निर्धारण (Determining Goals and Objectives)
- परियोजनाको कार्यढाँचा तथा योजना निर्माण (Designing Project Framework and Planning)
- परियोजनाको क्रियाकलाप निर्धारण (Activity Planning)
- जिम्मेवारीको बाँडफाँड (Responsbility Distribution)
- अपेक्षित नतिजाहरू (Expected Outcomes)
- समय तालिका (Timeline)
- परियोजनाको बजेट तयारी र स्रोतको सुनिश्चितता (Financial Proposal and Financing)

### २.२.३ परियोजना कार्यान्वयनपूर्वको तयारी (Pre-Implementation Phase of the Project)

परियोजनाको विस्तृत प्रस्तावना तयार गरी सो को अनुमोदन समेत भइसकेपछि सम्झौता पत्रमा दुई वा बहुपक्षबीचमा हस्ताक्षर हुन्छ । त्यसपछि परियोजनाको लागि आवश्यक बजेट सुरक्षित भएको मानिन्छ । तसर्थ, यस चरणमा परियोजना कार्यान्वयनको व्यावहारिक पाटोको सुरूवात हुन्छ । अर्को शब्दमा भन्नुपर्दा, पूर्णरूपमा समुदायमा परियोजना कार्यान्वयनमा जानुपूर्वका सबै कार्यहरू यस चरणमा गरिन्छन् । प्रस्तावनामा समेटिएका कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन के-कसरी गर्न सकिन्छ भन्ने कुराको रणनीतिक योजना बनाउने काम पनि यसै चरणमा गरिन्छ । साथै, परियोजना कार्यान्यनका लागि आवश्यक मानव स्रोतको पहिचान गर्ने, तिनको छनौट तथा नियुक्ति गर्ने, जनशक्तिका लागि परियोजनाबारे सेवापूर्वको अभिमुखीकरण एवम् प्रशिक्षणको सञ्चालन गर्ने गरिन्छ । त्यसरी नै, आवश्यक औजार, उपकरण वा सामग्रीको खरिद तथा व्यवस्थापनका कार्य यसै चरणमा गरिन्छ । त्यस्तै, विस्तृत कार्यान्वयन योजना बनाई क्रियाकलाप कार्यान्वयनको लागि तयार हुने कार्यहरू समेत यसै चरणमा सम्पन्न गरिनुपर्दछ ।





### (क) परियोजना कार्यान्वयनको रणनीति तथा कार्ययोजना (Formulating Strategic Plan of Action)

परियोजना कार्यान्वयन पूर्वको चरणमा परियोजनाका क्रियाकलाप कार्यान्वयनको रणनीति तथा विस्तृत कार्ययोजना बनाउनुपर्दछ । यो अत्यन्तै महत्वपूर्ण कार्य हो । कतिपय अवस्थामा परियोजना तर्जुमा गर्दाको बखतदेखि कार्यान्वयनको चरणमा आइपुग्दा केही समय व्यतित भएको हुन सक्दछ। त्यस्तै, परियोजना तर्जुमाका समयमा तय गरिएका क्रियाकलापको सान्दर्भिकता परीक्षण गर्नु, तिनको क्रम निर्धारण गर्नु (लक्षित समूह/समुदायको प्राथमिकता समेतको आधारमा), क्रियाकलाप कार्यान्वयनको विधि र प्रक्रिया तय गर्नु, र बजेटको वास्तविक अनुमान गरी तिनको उपयोग समेत यस चरणमा गरिनुपर्ने अहम कार्यहरू हुन् ।

### (ख) कर्मचारी नियुक्ति तथा सेवापूर्वको तालिम (Staff recruitment and induction)

परियोजनाको लक्षित क्रियाकलाप कार्यान्वयन गरी उद्देश्य हासिल गर्नका लागि दक्ष मानव स्रोतको आवश्यकता पर्दछ। परियोजना कार्यान्वयन गर्ने निकाय वा संस्थाले के-कस्तो ज्ञान, सीप र दक्षता भएका मानव-स्रोतको आवश्यकता पर्दछ, मानव स्रोतको प्रबन्ध के-कसरी गर्ने हो, उनीहरूलाई अभिमुखीकरण के-कसरी गर्ने हो र सेवाकालीन तालिम के-के चाहिन्छन् र त्यस्ता तालिम के-कसरी प्रदान गर्ने भन्नेबारे विस्तृत खाका बनाई काम गर्नुपर्दछ। दक्ष मानव स्रोतको व्यवस्था गरी उचित जिम्मेवारीका साथ परिचालन गर्नु परियोजना सफलताको एक अत्यन्तै अहम पक्ष हो। परियोजना कार्यान्वयन गर्ने निकाय वा संस्थाले यसमा लगानी गर्नुपर्दछ र मानव स्रोतबारे विस्तृत योजना तयार गर्नुपर्दछ।

## २.२.४ परियोजना कार्यान्वयन (Project Implementation)




परियोजनाको कार्यान्यवनका लागि आवश्यक तयारी भइसकेपछि परियोजनाको विस्तृत कार्ययोजना बमोजिम क्रियाकलाप तय गरि एको समयतालिका अनुरूप कार्यान्वयन गर्ने काम यस चरणमा गरिन्छ । परियोजनाको कार्यान्वयन गर्नु भनेको लक्षित समुदायको वास्तविक आवश्यकतालाई सम्बोधन गर्न उपयुक्त गतिविधि सञ्चालन गर्नु हो । परियोजना कार्यान्वयनको यस चरणमा कतिपय अवस्थामा परियोजना डिजाइन गर्दाका बखत परिभाषित समग्र योजनालाई अद्यावधिक गर्नुपर्ने हुनसक्दछ । सामान्यतः योजनाको विकास भएपछि दातृ निकाय वा संस्थाबाट अन्तिम स्वीकृति हुदाँसम्म धेरै समय बितेको हुँदैन । तर, केही अवस्थामा भने परियोजना तर्जुमा र कार्यान्वयनबीचको परिस्थितिमा ठूलो परिवर्तन पनि भएको हुन सक्दछ । यस्तो अवस्थामा परियोजनाको उद्देश्यमा फरक नपर्नेगरी दातृ निकाय वा संस्था र सरोकारवालासँग सहकार्य गरी परियोजनाको क्रियाकलापमा आवश्यकताअनुरूप अध्यावधिक भने गर्न सकिन्छ । तर, त्यसरी परिमार्जन गरिँदा परियोजनाले बालबालिकाको अधिकार प्रत्याभूतिमा पार्न खोजेको मूल प्रभावमा भने फेरबदल गरिनुहुँदैन ।




## २.२.५ परियोजनाको अनुगमन तथा समीक्षा (Project Monitoring and Review)

परियोजनाको कार्यान्वयनको चरण र अनुगमन तथा समीक्षाको चरण एकअर्कामा निकट सम्बन्धित भएका हुन्छन् । यी दुई चरण सँगसँगै अघि बढ्ने गर्दछन् । परियोजनाको अनुगमन तथा समीक्षा भनेको उक्त परियोजना योजनाअनुरूप कार्यान्वयन भएको छ कि छैन भन्ने लेखाजोखा गर्नु हो ।

परियोजनाको अनुगमन तथा समीक्षाको यस चरणमा मुख्यतया देहायका क्रियाकलाप सञ्चालन गरिन्छ :


### (क) प्रक्रियागत अनुगमन (Process Monitoring)

परियोजनाको कार्यान्वयनको चरणमा नै- (क) अनुगमन तथा समीक्षा एवम् उत्तरदायित्व प्रणाली, (ख) क्रियाकलापको कार्यान्वयन र परिणामको निगरानी गर्ने प्रणाली, (ग) प्रशासनिक व्यवस्थापन प्रणाली, (घ) जोखिम निगरानी प्रणाली तथा आपत्कालीन स्थितिको व्यवस्थापन प्रणाली, र (ङ) वित्तीय लेखा परीक्षण (बाह्य 'अडिट') आदि आवश्यक संरचनाहरूको समेत यकिन गरिएको हुन्छ । यसका साथै, परियोजना व्यवस्थापन र रिपोर्टिङ्ग प्रणाली लगायतका प्रक्रिया समेत परियोजना तर्जुमाका बखत नै समावेश गरिएको हुन्छ र हुनुपर्दछ। यी विभिन्न संरचनालाई दिइएको जिम्मेवारी अनुरूप नै परियोजनाको प्रक्रिया अनुगमन गरिनुपर्दछ। यसमा परियोजनाले लक्षित गरेका क्रियाकलाप कार्यान्वयन गर्दा संस्थागत, प्रशासनिक, आर्थिक लगायतका प्रक्रियाको परिपालना गरिएको छ वा छैन अनुगमन र समीक्षा गरिन्छ। यदि परियोजनाले तोकिएका प्रक्रिया पालना नगरेको पाइएमा तत्काल त्यसमा सुधार गर्न गराउन सुझाव उपलब्ध गराइनुपर्दछ।

### (ख) क्रियाकलाप तथा त्यसका नतिजाको लेखाजोखा (Output level Assessment)

परियोजनाको क्रियाकलापको अनुगमन तथा समीक्षा गर्दा परियोजना कार्यान्वयनको तालिका (Project Implementation Framework) को प्रयोग गरिन्छ भने क्रियाकलापको नतिजा अनुगमन चाहिँ परियोजनाको लगफ्रेममा उल्लिखित सूचकको आधारमा गर्ने गरिन्छ। परियोजना कार्यान्वयनमा भएको खर्चको अनुगमन भने परियोजना बजेटको आधारमा गरिन्छ।

परियोजना चक्र व्यवस्थापनको अवधारणामा अनुगमन तथा समीक्षा गर्दा परियोजनाको कार्यान्वयनको क्रममा लक्षित समूह/समुदायको आवश्यकतामा आएको फेरबदल तथा परिस्थितिमा भएको परिवर्तनलाई सम्बोधन गरिनुपर्दछ भन्ने मान्यता राखिन्छ। र, सोही अनुरूप परियोजनाका क्रियाकलापबारे निर्णय गर्दै अघि बढ्नुपर्दछ। अनुगमन तथा समीक्षाको यस प्रक्रियामा कुनै खास क्रियाकलाप कार्यान्वयन गर्दा त्यसले राखेको तत्कालको अपेक्षित उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्ने काम समेत गरिन्छ।



## (ग) मध्यावधि समीक्षा तथा परिमार्जन (Mid-term Review)

परियोजनाको समयावधि हेरी मझौला तथा लामो अवधिका परियोजनाको मध्यावधि समीक्षा समेत गर्नुपर्दछ। 'मध्यावधि' शब्दले नै परियोजना कार्यान्वयन र समापनबीच आधाआधी समयमा गरिने समीक्षा[२] भनेर बुझ्न सकिन्छ। विशेष गरेर दुई वर्षभन्दा लामो अवधिको परियोजनाको सन्दर्भमा मध्यावधि समीक्षा गर्ने गरिन्छ। यस्तो समीक्षाले परियोजना सही दिशातर्फ उन्मुख छ कि छैन भन्ने कुराको निक्यौंल गर्नुका साथै परियोजनाको प्रगतिको समीक्षा एवम् चुनौतीहरूको बेलैमा पहिचान गर्न मद्धत गर्दछ। साथै, त्यसले परियोजना आफ्नो उद्देश्य पूरा गर्ने दिशामा अग्रशर रहे नरहेको यकिन गरी आवश्यकताअनुसार परियोजनाको कार्यढाँचा तथा क्रियाकलापमा पुनर्विचार एवम् समायोजन गर्न समेत सहयोग पुऱ्याउँदछ।

सारांशमा भन्नुपर्दा, अनुगमन तथा समीक्षा गरिँदा परियोजनासम्बन्धी सूचनाको सङ्कलन, सूचनाको प्रशोधन तथा विश्लेषण, प्रतिवेदन तयारी तथा अभिलेखीकरणका लागि परियोजना व्यवस्थापकलाई प्रतिवेदन बुझाउने लगायतका कार्य गरिन्छ। अनुगमन तथा समीक्षाले परियोजनाको क्रियाकलापमा पूर्ण नियन्त्रण गर्ने नभई परियोजनालाई योजना अनुरूप अघि बढाउन सहयोग पुऱ्याउँदछ। कथंकदाचित परियोजना आफ्नो मूल लक्ष्यबाट बाहिर गएको अवस्था भएमा सही बाटोमा ल्याउन अनुगमन तथा समीक्षाले सहयोग पुऱ्याउँदछ। चुस्तदुरूस्त अनुगमनले परियोजना कार्यान्वयन गर्ने निकाय वा संस्थाको विश्वसनीयता अभिवृद्धि गर्दछ। लक्षित समूह र दातृ निकायसँगको पारदर्शिता बढाउँदछ, जवाफदेहीता अभिवृद्धि गर्दछ।

## २.२.६ परियोजनाको समापन (Wrapping-up Activities)

कुनै पनि परियोजनाको अन्तिम चरण भनेको परियोजनाको अन्त वा समापन गर्नु हो। यहाँनिर बुझ्नुपर्ने कुरा के हो भने समापन आफैंमा सजिलो चरण सुनिए तापनि यो चरणमा परियोजनाको सबैभन्दा महत्वपूर्ण कार्यहरू सम्पादन गरिनुपर्दछ। यसो भएकाले गर्दा, यो चरणलाई परियोजनाको इतिहासदेखि भविष्यसम्मको यात्रा हो भनेर मान्न सकिन्छ। यसो भन्नुको तात्पर्य, परियोजना किन सुरूवात गरिएको थियो, के गरियो र कसरी गरियो तथा के कस्ता उपलब्धि हासिल भए




[२] कतिपय सन्दर्भ सामग्रीमा यसलाई 'मध्यावधि मूल्याङ्कन' भनेर समेत सम्बोधन गरिएको पाइन्छ।

भन्ने लगायतका फेहरिस्त यस चरणमा दुरूस्त पार्ने काम गरिन्छ। परियोजना चक्र व्यवस्थापनको यो चरण भनेको परियोजनाका कार्यक्रम वा क्रियाकलापको कार्यान्वयन टुङ्ग्याउनु मात्रै होइन, बरू कार्यान्वयन टुङ्गिसकेपछि गर्नुपर्ने सबै खालका कामहरू गर्नका लागि निर्धारण गरिएको समय समेत हो।

परियोजना समापनको चरणमा देहायका कार्य-प्रक्रिया सम्पादन गरिनुपर्दछः

**परियोजनाको मूल्याङ्कन गर्दा लेखाजोखा गरिने प्रश्नहरू**

- के यो परियोजनाको प्रभावले लक्षित समूह/समुदायको जीवनमा वाञ्छित परिवर्तन ल्याउन सकेको छ ?
- के परियोजनाको हस्तक्षेप रणनीति प्रभावकारी रह्यो ?
- समूहको अवस्थामा अपेक्षित परिवर्तन तथा उनीहरूमा पार्ने प्रभावको स्थिति कस्तो रह्यो ?
- अपेक्षित तथा अनपेक्षित प्रभावहरू के-के भए ?
- परियोजनाको कार्यान्वयनबाट के-के सिकाइ भए ?
- परियोजनाको निरन्तरता वा त्यसले ल्याएका प्रभावको दिगोपनाका लागि सम्भावित पहल के-के हुन सक्दछन् ?
- भविष्यमा लक्षित समूह/समुदायको लागि के-कस्ता परियोजना आवश्यक होलान् ?

### (क) परियोजनाका क्रियाकलाप, नतिजा, सिकाइ उपलब्धि तथा प्रभावको मूल्याङ्कन (Evaluating project Activities, Outputs, Learning achievements and impact)

परियोजना चक्र व्यवस्थापनमा मूल्याङ्कन भन्नाले परियोजनाको कार्यान्वयनले ल्याएको प्रभावको लेखाजोखा गर्नु हो। यो आफैंमा एक व्यवस्थित र वस्तुनिष्ठ प्रक्रिया हो। मूल्याङ्कन कार्यमा परियोजना कार्यान्वयनसँग सम्बन्धित सूचनाजानकारी सङ्कलन गरिन्छ र त्यसको विश्लेषण गरिन्छ। अनुगमनको चरणमा परियोजनाको कार्यान्वयन योजनाअनुसार सम्पन्न भए नभएको यकिन गरिन्छ भने मूल्याङ्कन गरिँदा उक्त परियोजनाको कार्यान्वयनले पारेको प्रभावको लेखाजोखा गरिन्छ। अर्थात्, परियोजनाले लक्षित समूहको जीवन र हकअधिकारको स्थितिमा आएको सकारात्मक परिवर्तनलाई मूल्याङ्कनले वस्तुनिष्ठ विश्लेषण गर्दछ।

परियोजनाको समग्र क्रियाकलापको कार्यान्वयन समापन गरिसकेपछि गरिने मूल्याङ्कनलाई अन्तिम मूल्याङ्कन भनिन्छ। परियोजनाको बारेमा- (क) राम्रो वा सुधार गर्नुपर्ने पक्षबारे जानकार हुन, र (ख) आगामी रणनीति तय गर्न, मूल्याङ्कन प्रतिवेदन महत्वपूर्ण हुन्छ। परियोजनाको अन्तिम मूल्याङ्कन प्रतिवेदनले परियोजनाको सफलता तथा असफलताबारे समेत जानकारी दिन्छ। छोटो अवधिका परियोजनाको अन्तपश्चात् अन्तिम मूल्याङ्कन गरिन्छ भने लामो अवधिका परियोजनाको हकमा भने मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन दुवै गर्ने प्रचलन रहेको पाइन्छ। मूल्याङ्कनको प्रकृतिअनुसार मूल्याङ्कनलाई खासगरी आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कन गरी दुई प्रकारमा विभाजन गर्ने गरिन्छ।

प्रायः दातृ निकाय वा संस्थाले परियोजनाको बाह्य मूल्याङ्कनलाई जोड दिने गरेको पाइन्छ। बाह्य मूल्याङ्कन कार्यमा अनुभवी तथा विशिष्ट ज्ञान भएका विशेषज्ञहरूको सहभागिता रहन्छ। साथै, त्यस्ता बाह्य मूल्याङ्कनकर्ता स्वतन्त्र हुने र परियोजनाको प्रभावबाट मुक्त भई मूल्याङ्कन गर्ने भएकाले बाह्य मूल्याङ्कनकर्ताको प्रतिवेदनको विश्वसनीयता आन्तरिक मूल्याङ्कनको भन्दा बढी हुन्छ भन्ने ठानिन्छ।

मूल्याङ्कन कार्य सम्पन्न भएपछि मूल्याङ्कन प्रतिवेदन तयार गरिन्छ। सम्बन्धित निकाय, संस्था तथा व्यक्तिलाई मूल्याङ्कन प्रतिवेदन बुझाउनुभन्दा पहिला सुझावका लागि पृष्ठपोषण बैठक राख्ने गरिन्छ। पृष्ठपोषण बैठकमा प्राप्त भएका उपयुक्त सुझावलाई प्रतिवेदनमा समावेश गरी मूल्याङ्कनकर्ताले प्रतिवेदनलाई अन्तिम रूप दिन्छन् । अनि, त्यस्तो प्रतिवेदन सम्बन्धित निकाय वा संस्थालाई हस्तान्तरण गरि नुपर्दछ। मूल्याङ्कन प्रतिवेदनले गरेको विश्लेषण तथा दिइएका सुझावलाई आवश्यकता अनुसार कार्यान्वयन गर्नु गराउनु परियोजना लागु गर्ने निकाय वा संस्थाको कर्तव्य हुनेछ।




### (ख) परियोजनाको अभिलेखीकरण तथा प्रतिवेदन (Documentation and Reporting)

परियोजनाको समग्र चरणहरूको प्रक्रियागत प्रगति, आएका चुनौती र तिनलाई न्यूनीकरण गर्न गरिएका प्रयास, परियोजनाले प्राप्त गरेको सफलता तथा उपलब्धि आदि समेत अभिलेखीकरण गरी यस चरणमा प्रतिवेदन तयार पारिनुपर्दछ। साथै, त्यस्तो अभिलेखीकरण तथा प्रतिवेदनले भविष्यमा गरिने उही प्रकृतिको परियोजनालाई परिष्कृत गर्नका लागि नयाँ विचारको उत्पत्ति र सिकाइ समेतलाई व्यवस्थित गरिनुपर्दछ।

सरसर्ती हेर्दा, परियोजनाको समापनको चरणमा परियोजनाको व्यवस्थापकले परियोजनामा उल्लेख भएका सबै क्रियाकलाप सही रूपमा सम्पन्न भएको सुनिश्चत गर्नुपर्दछ। साथै, परियोजनाको लक्ष्य तथा उद्देश्य पुरा भएको यकीन गरेको हुनुपर्दछ। समापनको चरणमा परियोजनाको अन्त्यको बारेमा सम्बन्धित सरोकारवालालाई अग्रीम जानकारी गराउने र परियोजना समापनको चरणवद्ध योजना बनाउने लगायतका कार्यहरू गर्नुपर्दछ। यसै चरणमा परियोजनाको प्रकृतिअनुसार औपचारिक कार्यक्रमको आयोजना गरी परियोजनाको विधिवत अन्त्य भएको घोषणा गर्ने प्रचलन रहेको पाइन्छ।

# परिच्छेद–३:

# परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता प्रवर्द्धन

## ३.१ बालसहभागितासम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

- **बालसहभागितासम्बन्धी संवैधानिक अधिकार**

  - नेपालको संविधान (२०७२) को धारा ३९(३) मा 'प्रत्येक बालबालिकालाई ... बालसहभागिताको हक हुनेछ' भन्ने व्यवस्था छ।
  - त्यसरी नै, संविधानमा प्रत्येक नागरिक (बालबालिका सहित) लाई-
    - 'विचार र अभिव्यक्तिको स्वतन्त्रता', 'विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता', 'सङ्घसंस्था खोल्ने स्वतन्त्रता' हुने (धारा १७),
    - 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार... लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न' पाइने (धारा १९),
    - आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने' (धारा २७) (तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य नहुने), लगायतका हक सुनिश्चित गरिएको छ।

- **बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएका बालसहभागितासम्बन्धी व्यवस्था**

  - आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुने (दफा ८)।
  - *अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार (दफा ९):* (१) प्रत्येक बालबालिकालाई प्रचलित कानूनबमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुने।
  - प्रत्येक बालबालिकालाई बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षणको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ (दफा १० को उपदफा (१))।
  - अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो मानप्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार हुने (दफा १२ (२))।
  - बालबालिकालाई ...राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न

पाउने, उमेर र परिपक्वताअनुसार शरीर, प्रजनन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार हुने (दफा १३(२)) ।

- प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रूचि र आवश्यकताअनुसार- (क) खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार, (ख) बालमैत्री मनोरञ्जन गर्ने अधिकार, र (ग) आफ्नो हित प्रतिकूल नहुनेगरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुने (दफा १४ (१)(३)(४)) ।
- बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने (दफा १६ (१)) ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालसहभागिता

- गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, .... महिला, ... बालबालिका, ... युवा, ... अपाङ्गता भएका व्यक्ति, ... लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नुपर्ने (दफा २४ (५)) ।
- त्यसैगरी ऐनमा, ... कार्यपालिकाले वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहायबमोजिम हुनेगरी तोक्नुपर्ने (दफा १२ (२) (ग. विकास कार्य)):
  - (१) बाल उद्यानको व्यवस्था गर्ने,
  - (२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र, सञ्चालन र व्यवस्थापन गर्ने,
  - (३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बाल-सञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
  - (७)वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
  - (१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
  - (२०) अन्तरविद्यालय तथा क्लबमार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने, आदि ।

## बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का बालसहभागितासम्बन्धी व्यवस्था

- *बालबालिकाको सुनुवाइको अधिकार (धारा १२):* यस प्रावधानले बालबालिका तथा किशोरकिशोरीलाई स्वतन्त्रतापूर्वक आफ्नो विचार अभिव्यक्त गर्ने र त्यसरी व्यक्त गरिएका विचारहरूलाई बालबालिकाको बढ्दो उमेर र परिपक्वताको आधारमा सुनिनुपर्ने र उचित सम्मान गरिनुपर्ने अधिकार सुनिश्चित गरेको ।
- *बालबालिकाको अभिव्यक्ति स्वतन्त्रताको अधिकार (धारा १३):* यस प्रावधानले बालबालिकाले खासगरी

आफूलाई आवश्यक सूचना खोज्ने, प्राप्त गर्ने र तिनको प्रवाह गर्ने लगायत उनीहरूको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारलाई सुनिश्चित गरेको।

- *संगठन र शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (धारा १५)*: यस प्रावधानले संस्था/सङ्गठन खोल्ने र शान्तिपूर्ण भेला हुन पाउने बालबालिकाको अधिकार सुनिश्चित गरेको।
- *बालबालिकाको गोपनीयताको अधिकार (धारा १६)*: यस प्रावधानले बालबालिकाको गोपनीयताको अधिकारलाई सुनिश्चित गरेको।
- *उपयुक्त सूचाना प्राप्तिका लागि पहुँच (धारा १७)* : राष्ट्रले बालबालिकाको विविध श्रोतबाट प्राप्त हुने सूचना र सामग्रीको पहुँच सुनिश्चित गर्नेछ, बालबालिकाको लागि सामाजिक वा सांस्कृतिक रूपमा फाइदाजनक सूचना प्रसार गर्न सञ्चार माध्यमलाई प्रोत्साहान गर्नेछ र हानिकारक सामग्रीबाट बालबालिकालाई संरक्षण गर्न कदम चाल्नेछ।
- *अपाङ्गता भएको बालबालिकाको अधिकार (धारा २३)*: अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह, शिक्षा र तालिम पाउने अधिकार छ। अपाङ्गता भएको बालबालिकालाई सम्माजनक रूपमा मर्यादित जीवन यापन गर्न र सम्भव भएसम्मको उच्च कोटीको आत्मनिर्भरताको विकास गर्न र समाजको मुलधारमा समाहित हुने अधिकार छ।
- *फूर्सद, मनोरञ्जन सांस्कृतिक क्रियाकलापमा भाग लिन पाउने अधिकार (धारा ३१)*: यस प्रावधानले बालबालिकालाई फूर्सद लिन, खेल्न र सांस्कृतिक र कलात्मक क्रियाकलापहरूमा भाग लिने अधिकार दिएको छ।

## ● बालसहभागिताको कार्यान्वयनका लागि आवश्यक आधारभूत तत्वहरू

संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ (२००९): बालबालिकाको सुनवाइको अधिकार अर्न्तगत बालसहभागिता कार्यान्वयनका लागि देहायका आधारभूत तत्वहरू आवश्यक पर्दछ भनिएको छ *(हे. कर्न्सोटियम नेपालले अनौपचारिक नेपाली अनुवाद गरेको 'बालबालिकाको सुनवाइको अधिकार' पृ. ४९-५२, अनुच्छेद सङ्ख्या १३४)*।

### (क) पारदर्शिता र सुसूचितः

आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्न र आफ्नो विचारलाई महत्व दिइनुपर्ने अधिकारका सम्बन्धमा तथा सहभागिता कहाँ हुन्छ, यसको क्षेत्र वा दायरा के हो, यसको उद्देश्य के हो र यसले सम्भावित के-कस्ता परिणामहरू ल्याउँदछ भन्नेबारे बालबालिकालाई पहुँचयोग्य रूपमा विविधता-संवेदी र उमेर-उपयुक्त किसिमबाट सूचना जानकारी दिइनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[३]:

- बालसहभागिताका अवसर र सीमाबारे स्पष्ट रूपमा बताइएको,
- बालबालिकाका भुमिका र जिम्मेवारीबारे स्पष्ट रूपमा बताइएको,
- बालबालिका सहभागी भएको परियोजनाले समुदाय, परिवार र त्यहाँका बालबालिकालाई के कसरी फाइदा पुग्दछ भनी बताइएको (समयमा नै बालमैत्री किसिमले सूचना दिने),
- बालबालिकालाई सान्दर्भिक नीति, कानूनको व्यवस्था र प्रक्रियाबारे जानकारी दिइएको,
- बालबालिकाले व्यक्त गरेका विचारलाई उचित रूपमा सम्बोधन गरिने प्रतिवद्धता जनाइएको,
- सहयोगी, सीपयुक्त, इमान्दार र बालबालिकाको विचारको सम्मान गर्दै सहजीकरण गर्नसक्ने वयस्क सहजकर्ताको प्रवन्ध गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

## (ख) स्वयंसेवीः

बालबालिकालाई उनीहरूको इच्छाविरूद्ध विचार व्यक्त गर्न दबाव दिइनुहुँदैन। र, कुनै पनि प्रक्रियाको कुनै चरणमा सहभागी हुनबाट आफूलाई अलग गर्न सक्नेबारे उनीहरू सूचित गरिएको हुनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[४]:

- बालसहभागिताका लागि दबाव नदिइएको,
- सहजकर्ताले वयस्क र बालबालिकाबीचको शक्ति सङ्घर्षबारे सचेत भई सोको व्यवस्थापन गरेको,
- बालबालिका *(र उनीहरूको अभिभावक)* ले सहभागिताका लागि सुसूचित सहमति दिएको,
- बालबालिकालाई सहभागितासम्बन्धी आधारभूत नियमबारे जानकारी दिइएको,
- बालबालिकालाई कुनै पनि बखत आफू सहभागी हुनबाट अलग हुनसक्ने बारे जानकारी दिइएको,
- बालबालिकालाई उनीहरूको सहभागिताबारे समयमा नै बालमैत्री किसिमले सूचना जानकारी दिइएको,
- बालबालिकाको सहभागितालाई सान्दर्भिक भए बमोजिम उक्त प्रक्रियामा उल्लेख गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

[३] अर्थपर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.३ समेतको आधारमा तयार गरिएको।

[४] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.४ समेतको आधारमा तयार गरिएको।

## (ग) सम्मानपूर्णः

बालबालिकाको विचारलाई सम्मानका साथ लिइनुपर्दछ। बालबालिकालाई स्वतन्त्र रूपमा आफ्ना विचार व्यक्त गर्न र कुनै क्रियाकलाप सुरूवात गर्न अवसर दिइनुपर्दछ। त्यस्तै, बालबालिकाका कुरा बुझ्न सक्ने, उनीहरूलाई सम्मान गर्ने र बालबालिकाको सहभागिताका राम्रा उदाहरणहरू सिर्जना गर्नसक्ने खालका वयस्कले बालबालिकासँग काम गर्नुपर्दछ। उनीहरूले नेतृत्व गरेको बालक्लब वा समूह तथा सञ्जालको सहजीकरण गर्नुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[५]:

- बालबालिका स्वतन्त्रपूर्वक आफ्ना विचार व्यक्त गर्न सक्षम भएको मानी उनीहरूले आत्मविश्वासका साथ आफ्ना विचार तथा दृष्टिकोण राख्न सक्ने वातावरण तयार गरिएको,
- सहजकर्ताले सहभागी बालबालिकामाझ कुनै पनि किसिमको हिनताबोध, त्रास तथा भेदभाव हुन नदिने प्रवन्ध गरेको,
- बालबालिकासँग काम गर्दा लैङ्गीक तथा अपाङ्गता मैत्री भएको यकिन गरी कार्य गर्न पूर्वतयारी गरिएको,
- बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा पारिवारिक दायित्व लगायतमा बाधा नपुग्ने गरी सहभागी गराइएको,
- सहजकर्ता बालबालिकालाई सक्रिय रूपमा सुन्ने, विनम्र तथा उनीहरूको अवस्थाप्रति संवेदनशील *(आफ्ना कुरा बालबालिकामा नलाद्ने)* भएको,
- बालबालिकाले तयार गरेका सामग्री, तथ्याङ्क, लेख तथा दिएका योगदानलाई उचित रूपमा सङ्ग्रह गर्ने गराउने व्यवस्था गरिएको,
- बालबालिकालाई एकअर्काको सम्मान गर्न, मर्यादापूर्ण सञ्चार गर्न र व्यक्तिगत गोपनीयताको हकको सम्मान गर्न सहयोग गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

## (घ) सान्दर्भिकताः

बालबालिकाले आफ्ना विचार व्यक्त गर्न पाउने अधिकारसँग सम्बन्धित विषयहरू उनीहरूको जीवनको वास्तविकतासँग सम्बन्धित हुनुपर्दछ। बालबालिकाको ज्ञान, सीप र क्षमता बढाउन सहयोग पुऱ्याउने किसिमबाट गरिएको हुनुपर्दछ। यसको लागि बालबालिकालाई आफूले पहिचान गरेका विषय सान्दर्भिक र महत्वूर्ण भएको कुरा जोड दिनसक्ने बनाउन र तिनलाई सम्बोधन गर्न उनीहरूलाई सक्षम बनाउने गरी उपयुक्त स्थान/अवसर उपलब्ध गराइनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[६]:

- सहभागिताका विषयवस्तु बालबालिकाको लागि वास्तवमा नै सान्दर्भिक भएको यकिन (कतिपय अवस्थामा त्यो उनीहरूसँग सान्दर्भिक हो होइन भनी विचार गरिनुपर्ने) गरिएको,

[५] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.५ समेतको आधारमा तयार गरिएको।

[६] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.६ समेतको आधारमा तयार गरिएको।

- बालबालिकाले कुनै कार्य, छलफल, अध्ययन एवम् अन्तर्क्रियामा आफूहरू किन सहभागी भएको हो र त्यसले के कस्ता भिन्न परिणाम ल्याउन सक्दछ भन्नेबारे स्पष्ट जानकारी पाएको,
- बालबालिकालाई कुनै विषय, विधि र प्रक्रियामा सक्रिय सहभागी हुन त्यसबारे ज्ञान, सीप तथा विधि दिई सहजीकरण गरिएको,
- बालबालिकाको अवस्था, अनुभव, पारिवारिक पृष्ठभूमि र सांस्कृतिक वा लैङ्गीक अवस्थालाई उचित रूपमा सम्मान गरिएको,
- भाषा र अभिव्यक्तिको माध्यम बालबालिकाले सहज महशुस गर्ने खालको हुनेगरी उचित प्रबन्ध गरिएको,
- कार्यक्रममा कुनै अनपेक्षित परिवर्तन भएमा त्यसबारे बालबालिकालाई समयमा नै जानकारी दिने व्यवस्था गरिएको,
- कतिपय अवस्थामा आफ्ना विचार व्यक्त गरेर, पैरवी गरेर मात्रै कुनै स्थिति *(खासगरी सरकारी कामकाजको तौरतरिका र दायित्व पालना)* मा अपेक्षित परिवर्तन ल्याउन सकिँदैन भन्ने बारे बालबालिकालाई जानकारी दिइएको,
- बालबाालिकाले विषयवस्तुसँग सम्बन्धित नीति, कानून, अध्ययन सामग्री, तथा विधि-प्रक्रियाबारे जानकारी पाई आफूलाई दक्ष बनाउने अवसर पाएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ ।

## (ङ) बालमैत्रीः

बालबालिकाको क्षमताअनुरूप सहभागिताको वातावरण र कार्यविधिहरूको छनौट तथा पहिचान गरिनुपर्दछ । बालबालिकालाई सहभागी हुनका लागि पर्याप्त समय र स्रोतहरू उपलब्ध गराइएको हुनुपर्दछ । र, बालबालिकाले आफ्नो उमेर अनुरूप एवम् क्षमताअनुसार संलग्न हुने विभिन्न स्वरूपहरू प्राप्त गरेको हुनुपर्दछ ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[७]:

- सहभागिताका विधि-प्रक्रिया बालमैत्री भएको,
- छलफल, अन्तर्क्रिया, बैठक तथा कार्यक्रमको समय बालबालिकाका लागि उपयुक्त हुनेगरी तय गरिएको,
- बालबालिकालाई विषयवस्तुअनुसारको सूचना जानकारी तथा स्रोत सामग्रीमा पहुँच बनाउन *(कतिपय परिस्थितिमा बालबालिकासँग मिलेर सन्दर्भ सामग्री र विधि-प्रक्रिया तर्जुमा गरिनुपर्ने)* सहजीकरण गरिएको,
- बालबालिकाले सहज महशुस गर्ने तथा आत्मविश्वास बढाउनेगरी तनावरहित किसिमले सहजीकरण गरिएको,

[७] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.७ समेतको आधारमा तयार गरिएको ।

- भिन्न भिन्न प्रकारका सहभागितामूलक सहजीकरण विधि-प्रक्रियाबारे सहजकर्ता दक्ष भएको र कुनै पनि क्रियाकलाप गर्नका लागि पर्याप्त समय निर्धारण गरिएको,
- बालबालिकालाई वयस्क, पेशाकार्मी तथा विषय विज्ञ, सरकारी निकायका पदाधिकारीसँग मिलेर सहकार्य गर्ने अवसर उपलब्ध गराइएको,
- बीचबीचमा बालबालिकाको सहभागिता र उनीहरूको सक्रिताबारे समीक्षा गरी आवश्यकताअनुसार बालबालिकासँग सहजीकरण गर्ने गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

**(च) समावेशी:**

बालसहभागिताले समाजमा विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीकृत गर्नुपर्दछ। र, सीमान्तकृत बालबालिका, बालिका तथा बालकहरू सबैको लागि समान अवसर उपलब्ध गराएर उत्साहपूर्वक संलग्नता गराइनुपर्दछ। त्यस्तै, बालसहभागितासम्बन्धी कार्यक्रम समुदायका सबै बालबालिकाका लागि सांस्कृतिक रूपमा संवेदनशील हुनेगरी सुनिश्चित गरिनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[८] ॥

- सहभागिताका विधि-प्रक्रिया बालमैत्री भएको यकिन गरिएको,
- कुनै पनि बालबालिकामाथि कुनै पनि आधार (उमेर, जाति, लिङ्ग, धर्म, संस्कार, भाषा, शिक्षा, परिवारको राजनीतिक आस्था, राष्ट्रियता, सम्पत्ति, जन्मको स्थिति, पारिवारिक अवस्था लगायत) मा भेदभाव हुन नदिइएको *(बरू सहभागिताले विद्यमान भेदभावका स्वरूपलाई चुनौति दिन सघाएको),*
- विशेष संरक्षणको आवश्यकता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको सहभागिताका लागि अवसर उपलब्ध गराउन सम्भाव्य सबै उपाय अपनाइएको,
- अपाङ्गता भएका बालबालिकाको सहभागिताको लागि पहुँचयोग्य तथा सहयोगी वातावरण र साधनको प्रबन्ध गरिएको,
- बालबालिकालाई सहभागी हुन सुरक्षित स्थान, व्यवहार, तथा प्रक्रिया यकिन गरिएको,
- बालबालिकाका व्यक्तिगत अवस्था, आवश्यकता तथा अपेक्षालाई उचित सम्बोधन गर्नेगरी सहभागिताका प्रक्रियालाई लचिलो बनाइएको,
- छलफल, अन्तर्क्रिया, बैठक तथा कार्यक्रमको समय बालबालिकाका लागि उपयुक्त हुनेगरी तय गरिएको,
- बालबालिकालाई विषयवस्तु अनुसारको सूचनाजानकारी तथा स्रोत सामग्रीमा पहुँच बनाउन सहजीकरण गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

---

[८] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.९ समेतको आधारमा तयार गरिएको।

## (छ) तालिम दिएर सहयोग गर्नेः

बालबालिकाको प्रभावकारी सहभागिता प्रवर्द्धनका निमित्त सहजीकरण गर्न वयस्कहरूको सीप विकास गरिनुपर्दछ। खासगरी वयस्क सहजकर्तामा प्रभावकारी सुनाइ सीप, बालबालिकासँग सहकार्य गर्ने सीप र प्रभावकारी रूपमा उनीहरूको उदयोन्मुख क्षमता अनुरूप हुनेगरी संलग्न गराउने विधि/तरिका लगायतका सीपहरू हुन आवश्यक हुन्छ। बालबालिकालाई आफ्ना अधिकारबारे बुझ्न, बैठक आयोजना गर्नको लागि तालिम, स्रोत-कोष बढाउने (फण्ड रेजिङ्ग), सञ्चारका माध्यमहरूसँग कसरी सामना गर्ने, सार्वजनिक भाषणकला र पैरवी लगायतका विषयहरूमा तालिम दिन सक्ने दक्षता समेत वयस्क सहजकर्तामा हुनु आवश्यक हुन्छ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[१]:

- बालसहभागिताका लागि सहजीकरण गर्ने व्यक्ति ज्ञान, सीप, विधि र प्रक्रियाबारे दक्ष भएको,
- बालबालिका र सहजकर्ताले अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरूबारे जानकारी पाएको,
- गुणस्तरीय बालसहभागिताका लागि सहजकर्ता स्वयं निरन्तर सिक्न, आफूलाई निखार्न तथा थप दक्षता अभिवृद्धि गर्न प्रयत्नरत रहने गरेको,
- सहजकर्ता बन्नका लागि औपचारिक तथा अनौपचारिक प्रकृतिका तालिम लिने अवसर उपलब्ध भएको,
- सहजकर्तालाई बालमैत्री सामग्री, स्रोत तथा विधि-प्रक्रियामा पहुँच भएको र सहजकर्ताले तिनलाई उपयोग गरेको यकिन गरिएको,
- बालबालिकालाई समेत उपयुक्त तालिम र अभिमुखीकरणको अवसर प्राप्त भएको *(खासगरी बालक्लब/समूह तथा सञ्जालको हकमा बढी सान्दर्भिक हुने)*,
- सहजकर्ताले बालसहभागिताका लागि उपलब्ध अवसरबारे निरन्तर खोजी गरी तिनमा आफूले सहजीकरण गरिरहेका बालबालिकालाई भाग लिन प्रेरित गर्ने गरिएको,
- सहभागिताका कारण आउनसक्ने जोखिम आङ्कलन गरी तिनलाई न्यूनीकरण गर्ने ज्ञान, सीप र दक्षता विकास गर्न सहजकर्तालाई सहयोग गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

## (ज) सुरक्षित र जोखिमबारे संवेदनशीलताः

बालबालिकामाथि हुनसक्ने हिंसा, दुर्व्यवहार वा उनीहरूको सहभागिताबाट उत्पन्न हुनसक्ने कुनै पनि नकारात्मक परिणामसम्बन्धी जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू बालसहभागिता गराउनु पूर्व नै आङ्कलन गरी सावधानी अपनाउनुपर्दछ। केही बालबालिकाको समूहले सामना गर्नुपर्ने निश्चित खालका जोखिमहरूलाई सम्बोधन गर्नेगरी र उनीहरूको संरक्षण सुनिश्चित गर्नको लागि स्पष्ट बालसंरक्षण मापदण्डको लागु गरिनुपर्दछ।

[१] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.९ समेतको आधारमा तयार गरिएको।

सबै बालबालिकाले जोखिमबाट सुरक्षित हुन पाउने आफ्नो अधिकारबारे सचेत हुनुको साथै आवश्यक परेमा सहयोगको लागि कहाँ जाने भन्नेबारे बुझेको यकिन गरिनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[१०]

- बालबालिका आफ्ना अधिकारबारे जानकार भएका, तिनको मागदावी गर्न सक्षम भएका र अधिकारका सम्बन्धमा आफूले गर्नुपर्ने कामबारे सचेत भएका,
- बालसहभागिताका सन्दर्भमा अहित नगरौं (Do no Harm) र बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तको परिपालना गरिएको,
- सम्भाव्य द्वन्द्व र आउनसक्ने जोखिमको आङ्कलन गरी तिनलाई न्यूनीकरण गर्न पहल गरिएको,
- आफू सुरक्षित रूपमा सहभागी हुन पाउने अधिकारबारे बालबालिका जानकार भएका र केही सवाल भएमा त्यसबारे तत्काल रिपोर्टिङ्ग गर्न भनिएको,
- आवश्यक परेको खण्डमा मद्दत गर्न बालबालिका सहभागी हुने स्थलमा नै बालसंरक्षण अधिकारी, स्वास्थ्यकर्मी र मनोविमर्शकर्ता लगायतका पेशाकर्मीको सेवा लिन *(वा सिफारिस गर्न)* सकिने व्यवस्था गरिएको,
- बालसंरक्षणसम्बन्धी कानूनी व्यवस्था, बालसंरक्षण मापदण्ड तथा आचारसंहिताबारे सहजकर्ता, निकाय तथा संस्था जानकार भई तिनको परिपालना गर्न लिखित रूपमा प्रतिवद्धता जनाएका,
- सहभागिताका लागि र फोटो, भिडियो खिच्न सम्बन्धित बालबालिका र निजको अभिभावकको सुसूचित सहमति लिइएको,
- बालबालिकालाई सहभागिताको लागि अन्यत्र जानुपर्दा वयस्क हेरालुको साथ सुरक्षित यात्रा गर्न सघाउने, यात्रा वा यातायत बिमा, स्वास्थ्य उपचारको व्यवस्थाबारे उचित योजना गरिएको,
- बालबालिकाले व्यक्त गरेका विचार, फोटो, भिडियोको गोपनीयता कायम गर्ने र परियोजना चक्रका चरणमा उनीहरूको योगदानबारे उल्लेख गरी समावेश गर्ने व्यवस्था गरिएको,
- बालबालिकालाई इन्टरनेट, अनलाइन जोखिम तथा सुरक्षाका उपायबारे उचित जानकारी दिइएको,
- बालबालिकाको शिक्षा, स्वास्थ्य, पारिवारिक जिम्मेवारी लगायतका आधारभूत अधिकारमा बाधा नपर्नेगरी सहभागिता गराउने व्यवस्था गरिएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

[१०] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.१० समेतको आधारमा तयार गरिएको।

## (झ) जवाफदेही:



आफूले व्यक्त गरेका विचार कहाँ र कसरी प्रयोग हुन्छ, ती विचारले समग्र विश्लेषणलाई कसरी प्रभाव पार्न सक्दछ भन्नेबारे बालबालिकालाई जानकारी दिइनुपर्दछ। बालसहभागिताबाट प्राप्त कुनै पनि नतिजालाई बालबालिकाको सहभागिताले कसरी प्रभाव पारेको छ भन्ने बारेमा स्पष्ट पृष्ठपोषण गरिनुपर्दछ। यसो गर्दा सदैब, बालबालिकालाई अधिकारका धारक तथा सक्रिय सरोकारवालाका रूपमा लिइनुपर्दछ । र, बालसहभागितासम्बन्धी क्रियाकलापको अनुगमन र मूल्याङ्कन सम्भव भएसम्म बालबालिका स्वयंसमेत संलग्न भई गरिनु राम्रो हुन्छ। त्यसको लागि बालमैत्री विधि-प्रक्रिया तयार गरिनुपर्दछ।

यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दा[११]॥

- बालबालिकासँग मिलेर सहभागिताको प्रक्रिया र प्रगतिबारे समीक्षा तथा मूल्याङ्कन गर्नका लागि चरणवद्ध प्रक्रिया विकास गरिएको,
- सहभागी भएका बालबालिकासँग हासिल भएका उपलब्धिबारे जानकारी लिनदिन सञ्चारका विधि निर्धारण गरिएको र बालबालिकाले आफ्ना योगदानबारे हेर्न, पढ्न र बुझ्न पाउने व्यवस्था गरिएको,
- परियोजना प्रक्रियामा बालसहभागिताले पारेको प्रभावबारे *(अलग्गै)* अभिलेख राख्ने र निरन्तर सिक्ने व्यवस्था गरिएको,
- बालसहभागिता गराइँदा उत्तरदायित्व बहन गर्ने परिपाटी विकास गरिएको,
- बालसहभागिता गरी बनाइएको सामग्री, प्रतिवेदन तथा सिकाइबारे बालमैत्री संस्करण तयार गरी लक्षित बालबालिकासम्म पुर्‍याउने गरिएको,
- पृष्टपोषण तथा सुझाव दिन *(आमने सामने भएर तथा अनलाइन प्रविधिको माध्यमबाट समेत)* बालबालिकालाई अवसर प्रदान गरिएको,
- बालबालिकाको शिक्षा, स्वास्थ्य, पारिवारिक जिम्मेवारी लगायतका आधारभूत अधिकारमा बाधा नपर्नेगरी सहभागिता गराउने व्यवस्था गरिएको,
- सहभागितका हरेक प्रक्रिया र चरणमा बालबालिकालाई बालमैत्री सूचना जानकारी, सामग्री, स्रोत तथा विधिबारे जानकारी दिइएको लगायतका पक्षबारे यकिन गरिनुपर्दछ।

---

[११] अर्थपूर्ण र नैतिकतापूर्ण बालसहभागिताका लागि नौओटा आधारभूत पक्षहरू, सेभ द चिल्ड्रेन, पे.११ समेतको आधारमा तयार गरिएको।

## ३.२ परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता किन ?

बालसहभागिता एक प्रक्रिया हो । बालसहभागिताले बालबालिकालाई आफ्ना विचार व्यक्त गर्ने, निर्णयको प्रक्रियामा समावेश भई निर्णयलाई बालबालिकाको पक्षमा पार्न र बालबालिकाको हितमा अर्थपूर्ण परिवर्तन ल्याउने अवसर सिर्जना गर्दछ। बालबालिकाले व्यक्त गरेका विचारलाई खासगरी वयस्क (व्यक्ति, निकाय तथा संस्था) ले बालबालिकाको उमेर र परिपक्वताअनुसार सुन्नु वा उचित मान्यता दिनु वा कदर गर्नुपर्दछ। बालसहभागिताले बालबालिकालाई समुदायका सरोकारवाला पक्षका रूपमा स्वीकार गर्दछ र उनीहरूको विचारलाई महत्वका साथ लिने वातावरण सिर्जना गर्दछ।

संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा 'बालसहभागिता' लाई बालअधिकारको एक मार्गदर्शक सिद्धान्तको रूपमा समेत लिइएको छ । बालसहभागिताको सिद्धान्तलाई बालअधिकारको क्षेत्रमा क्रियाशील सेभ द चिल्ड्रेन, युनिसेफ लगायत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाले उच्च प्राथमिकता दिएको पाइन्छ।

**परियोजना चक्रमा बालबालिकाको सहभागिताको अधिकार के कसरी प्रवर्द्धन गर्ने ?**

- बालबालिकालाई आफ्ना विचार तथा अभिव्यक्ति गर्न अवसर दिने,
- बालबालिकालाई परियोजना चक्रका चरण र गरिनुपर्ने कार्यबारे सूचना जानकारी उपलब्ध गराउने,
- बालअधिकारको स्थिति/समस्या पहिचान गर्न बालबालिका तथा स्थानीय समुदायबाट आवश्यक सूचना जानकारी सङ्कलन गर्न उनीहरूको नेतृत्वमा तथ्याङ्क सङ्कलन विधि (Child-led Data Collection) बनाउने त्यसको प्रयोगबारे बालबालिकालाई सिकाउने,
- आफ्ना तथा अन्य बालबालिकाका आवश्यकताबारे बताउन सघाउन समुदायका बालबालिकासँग समूह केन्द्रित छलफल सञ्चालन गर्ने,
- परियोजनाका लक्षित क्रियाकलापबारे बालबालिकासँग सुझाव सङ्कलन गर्ने,
- परियोजनाका क्रियाकलाप *(बालबालिकासँग प्रत्यक्ष सम्बन्धित)* कार्यान्वयन गर्दा बालबालिकालाई सहभागी गराउने,
- परियोजनाका क्रियाकलापको प्रभावकारिताबारे बालक्लब/समूह वा सञ्जालका प्रतिनिधिसँग अन्तर्क्रिया गर्ने,
- परियोजनाको समीक्षा तथा मूल्याङ्कनमा बालबालिकालाई आफ्ना विचार व्यक्त गर्न अवसर दिने र उनीहरूका प्रतिनिधिलाई टोलीमा सामेल गर्ने ।

बालबालिकासँग सरोकार राख्ने सबै विषय वा क्षेत्रहरूमा बालबालिकाको सहभागिता हुनुपर्दछ भन्ने कुरा आजको समाजमा स्थापित मान्यता हो। जसरी बालबालिकालाई घरपरिवार, समुदाय, विद्यालय र विभिन्न संस्था तथा निकायका बालअधिकार प्रवर्द्धनसम्बन्धी कार्यक्रममा सहभागी गराउन सकिन्छ, त्यसैगरी ती कार्यक्रमको सुरूवातदेखि समापनसम्मको सम्पूर्ण प्रक्रिया, अर्थात् परियोजना चक्रको व्यवस्थापनमा समेत बालसहभागिता

गरिनुपर्दछ। परियोजना चक्रको सबै चरणमा बालबालिकालाई समावेश गर्नाले उनीहरूको सीप विकास, क्षमता अभिवृद्धि हुनुको साथै समुदायमा सक्रिय योगदान दिने अवसर समेत सिर्जना गर्दछ।

तथापि, यसरी सहभागी गराउँदा बालबालिकाको सर्वोत्तम हितबारे सदैव ख्याल गर्नुपर्दछ। कतिपय अवस्थामा, बालसहभागितासम्बन्धी पर्याप्त बुझाइको अभावमा योजना कार्यान्वयनका लागि बालसहभागिता गराउँदा वयस्कहरूले उनीहरूमाथि काम थोपर्ने सम्भावना रहन सक्दछ। यसो हुनु भनेको सहभागिताको नाममा अर्को स्वरूपको बालशोषण नै हो।[१२]

यसभन्दा अघिल्लो परिच्छेदमा परियोजना चक्र व्यवस्थापनबारे उल्लेख गरिसकिएको छ। त्यसैले, यस परिच्छेदमा परियोजना चक्रको सबै चरणमा बालसहभागिताको सुनिश्चतता के-कसरी गर्न सकिन्छ भन्ने बारेमा चर्चा गरिएको छ।

## • परियोजना चक्रमा सहभागिताका लागि बालबाललिकाको क्षमता अभिवृद्धि

परियोजनाका सन्दर्भमा बालबालिकालाई दुई समूहमा बाँडन सकिन्छ- (क) परियोजनाले प्रत्यक्ष रूपमा लक्षित गरेका बालबालिका, र (ख) परियोजनाको उद्देश्य पूरा गर्न सघाउन अग्रसर बालबालिका। परियोजना कार्यान्वयन भएको समुदायका हकमा भने उल्लेखित दुई समूहका बालबालिकाबीच फरक छुट्याउन कठिन हुन्छ। साथै, परियोजनाका सन्दर्भमा बालसहभागिता प्रवर्द्धन गर्दा बालक्लब/समूह वा सञ्जालका प्रतिनिधि तथा समुदायका आम बालबालिका दुवै समूहलाई समेटिनुपर्दछ।

**परियोजना चक्रमा बालसहभागिता प्रवर्द्धन गर्ने संस्था, निकाय वा स्थानीय तहले देहायका कार्य गर्न सक्दछन्:**

- संस्थाले 'बालबालिका सँगसँगै योजना बनाऔं र तिनको कार्यान्वयन गरौं' (Planning together and act together) को अवधारणा अवलम्बन गर्ने,
- परियोजना चक्रमा बालसहभागिता प्रवर्द्धन गर्न सहयोगी हुने बालमैत्री विधि-प्रक्रिया, दस्तावेज, कार्यविधि एवम् निर्देशिका निर्माण गर्ने, र
- बालक्लब/समूह वा सञ्जालका सदस्य बालबालिकालाई नियमित बैठकमा छलफल गर्ने विषयवस्तु उपलब्ध गराउनुको साथै सहजीकरण गर्ने सहजकर्ता उपलब्ध गराउने।

परियोजना चक्रमा सहभागिताका लागि बालबालिकालाई देहायका ज्ञान, सीप, विधिबारे तालिम दिई क्षमता अभिवृद्धि गर्नुपर्दछः

- बालसंरक्षण र अनलाइन सुरक्षा *(विद्यमान कानूनी व्यवस्थाबारे समेत)* सम्बन्धी तालिम,
- सूचनामा पहुँच पुऱ्याउनको लागि इन्टरनेट सुरक्षासहितको डिजिटल साक्षरता तालिम,

[१२] बालबालिकाको सहभागिताको अधिकार जानकारी पुस्तिका, कन्सोर्टियम, पृ. ८-९।

- जीवन उपयोगी सीप तालिम,
- कम्प्युटर वा मोबाइल एपमा आधारित टुल (उदा. कोबो टुलबक्स) को प्रयोग गरी समुदायबाट सूचना जानकारी सङ्कलन गर्न आवश्यक प्राविधिक तालिम,
- समुदायमा परिवर्तनका संवाहक (चेञ्ज एजेन्ट) को रूपमा क्रियाशील हुनका लागि बालक्लब/समूह वा सञ्जालको नेतृत्वमा रहेका बालबालिकालाई नेतृत्व विकास तालिम,
- समुदायमा बालबालिकाका समस्या पहिचान गर्ने र तिनको समाधानको उपाय पहिल्याउने विधिबारे तालिम,
- बालअधिकारका लागि सञ्चार तथा सञ्जाल निर्माण एवम् तिनको परिचालनसम्बन्धी तालिम,
- सञ्चारका माध्यम, नवसञ्चार र सामाजिक सञ्जालको जिम्मेवारीपूर्वक प्रयोग तथा परियोजना चक्र व्यवस्थापनमा तिनको परिचालन गर्ने उपायबारे तालिम,
- बालअधिकार, बालसंरक्षण तथा बालसहभागिताबारे विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाबारे अभिमुखीकरण/तालिम,
- यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे तालिम,
- बालक्लब/समूह वा सञ्जाल निर्माण तथा तिनलाई सक्रिय बनाउन व्यवस्थापनसम्बन्धी तालिम,
- घटना विवरण/कथा लेखन, परियोजना चक्रमा सङ्कलित सूचना र तथ्याङ्कको अभिलेखीकरण सीप तालिम,आदि ।

**बालक्लब/समूह तथा सञ्जाल र सदस्यको क्षमता अभिवृद्धि**

बालक्लब/समूह वा सञ्जालको संस्थागत व्यवस्थापनका लागि आवश्यक न्यूनतम सामग्री, स्रोत, बालअधिकारबारे तालिम र सहजीकरण गर्ने वयस्क सहजकर्ताको व्यवस्था गरिनुपर्दछ । त्यसैगरी, बालक्लब/समूह वा सञ्जालको नियमित बैठकमा छलफल गर्नका लागि बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणसम्बन्धी सत्रहरू तयार गरी नियमित छलफल गर्न दौंतरी (वा साथी) शिक्षकलाई तालिम दिइनु पनि आवश्यक देखिन्छ । साथै, बालक्लब/समूह वा सञ्जालको गतिविधि सञ्चालनका लागि सहजकर्ता खटाउने र सहजकर्तालाई आवश्यक ज्ञान, सीप तथा दक्षता बढाउन समेत सहयोग गर्नु आवश्यक देखिन्छ । यसको लागि उनीहरूलाई देहायका तालिम आवश्यक पर्न सक्दछन् ।

**बालअधिकार, बालसंरक्षण, विद्यमान कानूनी व्यवस्थाबारे**

- बालअधिकार, बालसंरक्षण, विद्यमान कानूनी व्यवस्था र बालबालिकाका जिम्मेवारीबारे तालिम,
- बालसंरक्षणबारे विषयगत तालिम,
- बालक्लब/समूह वा सञ्जालका सदस्य किशोरकिशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य र अधिकार बारे तालिम,

**बालक्लब⁄समूह तथा सञ्जालको व्यवस्थापन तथा परिचालनबारे**

- बालक्लब/समूह वा सञ्जालमा सदस्यहरूलाई क्षमताअनुसार उपयुक्त जिम्मेवारी दिई टिम बिल्डिङ्ग गर्ने बारे अभिमुखीकरण एवम् सहजीकरण,
- बालक्लब/समूह वा सञ्जालको वार्षिक योजना तथा कार्ययोजना बनाउने प्रक्रिया र कार्यान्वयन गर्ने तरिकाबारे तालिम,
- बालक्लब/समूहको सञ्जाल निर्माण र सरोकारवालाको नक्साङ्कन गर्ने विधि-प्रक्रियाबारे तालिम,
- बालक्लब/समूह वा सञ्जालको गतिविधिको अभिलेखीकरण गर्नेबारे तालिम,
- सम्पन्न कार्यको अनुगमन तथा प्रतिविम्बन गर्ने विधि र तरिकाबारे अभिमुखीकरण,
- बालक्लब/समूह तथा सञ्जालको परिचालनका लागि प्राविधिक तालिम ।

**सदस्यको व्यक्तित्व तथा नेतृत्व विकास**

- जीवन उपयोगी सीप तालिम,
- नेतृत्व विकास तथा सार्वजनिक वक्तृत्व (Public Speaking) तालिम,
- उपयोगी सूचना जानकारीमा पहुँच तथा सञ्चारका तौरतारिकाबारे अभिमुखीकरण,
- दौंतरी *(वा साथी शिक्षक)* बन्नको लागि आवश्यक तालिम,
- विवादको शान्तिपूर्ण समाधान, मध्यस्तता र द्वन्द्व समाधान विधि तथा पद्धतिबारे तालिम ।

**स्थानीय तहमा बालअधिकारबारे पैरवी गर्नका लागि**

- समुदायमा उपलब्ध स्रोत साधनको नक्साङ्कन गर्ने तथा पहुँच बनाउने विधिबारे तालिम,
- गुनासो सुनवाइ कार्यविधि, २०७४ बमोजिम गुनासो सङ्कलन तथा तिनलाई सम्बोधन गर्ने प्रक्रियाबारे तालिम,
- स्थानीय तह तथा वडा तहमा बालभेला सञ्चालन तथा सहजीकरणसम्बन्धी तालिम,
- स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा कर्मचारीसँग उद्देश्यमूलक छलफल, अन्तर्क्रिया तथा संवादका लागि ज्ञान, सीप र दक्षता अभिवृद्धि तालिम,
- बालबालिकालाई परियोजना चक्रका विभिन्न चरणमा उपयोगी हुने सहभागितामूलक एवम् बालमैत्री विधिबारे तालिम/अभिमुखीकरण ।

## ३.३ परियोजना चक्रका विभिन्न चरणहरूमा बालसहभागिता

### ३.३.१ समस्याको पहिचानमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने

परियोजना चक्र व्यस्थापन कार्यअन्तर्गत समस्याको पहिचानको चरणमा बालबालिकाको सहभागिताले उनीहरूको दृष्टिकोण, अनुभव र पृथक सोचलाई समावेश गर्ने अवसर दिन्छ। त्यसो भएमा परियोजनाको प्रभावकारिता र सान्दर्भिकतालाई उल्लेखनीय रूपमा वस्तुपरक बनाउन सकिन्छ। बालबालिकाको संलग्नता सुनिश्चित गर्न गरिनुपर्ने केही कार्यहरू देहायबमोजिम प्रस्तुत गरिएको छः

**(क) बालबालिका केद्रिन्त कार्यशाला गोष्ठी गर्ने:**

गाउँघर, टोल तथा समुदायको समस्याको पहिचान गर्न बालबालिकासँग अन्तर्क्रियात्मक सत्र सञ्चालन गर्न सकिन्छ। बालबालिकालाई कथा, चित्र, भूमिका अभिनय *(रोल प्ले)*, खेल तथा रचनात्मक क्रियाकलाप लगायतका विधिको प्रयोग गरेर समस्याको पहिचानमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न सकिन्छ।

**(ख) सर्वेक्षण र वस्तुस्थितिको लेखाजोखा:**

गाउँघर, टोल तथा सामुदायमा बालबालिकासँग सरोकार राख्ने चुनौतिको पहिचान गर्न सूचना तथा तथ्याङ्क सङ्कलन गर्न सर्वेक्षण वा वस्तुस्थितिको लेखाजोखा गर्न गराउन सकिन्छ। यसमा बालबालिकालाई सहभागी गराउन सकिन्छ। यसको लागि सर्वेक्षण प्रश्नावली बनाउने र त्यसको प्रयोगका विधिबारे छानिएका बालबालिका प्रतिनिधिलाई तालिम दिन सकिन्छ। यसरी सहभागी गराउँदा उनीहरूको सहभागिताले सूचना सङ्कलनमा सघाउनुको अतिरिक्त कार्यक्रम प्रति अपनत्व बढ्छ।

**(ग) बालबालिकाको नेतृत्वमा छलफल:**

बालबालिकाको जीवनमा प्रत्यक्ष असर पार्ने समस्याको पहिचान गर्न बालबालिकासँग समूह केन्द्रित छलफल *(FGD)* को सहजीकरण गर्न अगुवा बालबालिकालाई तालिम दिन सकिन्छ। यसरी तालिम दिएका बालबालिकालाई समुदायका बालबालिकासँग छलफल गरी सूचना जानकारी सङ्कलन गर्न लगाउन सकिन्छ। बालबालिकासँग गरिने समूह केन्द्रित छलफलमा वयस्कको अनावश्यक हस्तक्षेप नहोओस् भन्ने कुरामा अत्यन्तै सावधानी अपनाउनुपर्दछ।

**(घ) उमेरअनुसारको उपयुक्त उपकरण तथा विधि:**

बालबालिकाको उमेरअनुसार उपयुक्त हुने विधि र तौरतरिका अपनाई उनीहरूको सहभागितामा बढाउन सकिन्छ। उमेरअनुसारको उपयुक्त विधि *(खेल, अभिनय, कथा लेखन र बाचन, फिल्डको अवलोकन, सामाजिक नक्सा बनाउने तथा छोटो भिडियो बनाउने, आदि)* तय गरी सो को प्रयोगबारे बालबालिकाको क्षमता अभिवृद्धि गर्ने गराउने।

(ङ) **विद्यालय केद्रिन्त क्रियाकलाप:**

विद्यालयसँगको सहकार्यमा विद्याालयमा 'सुझाव बाकस'[१३] राखेर, समूह छलफल गरेर, कक्षाकोठामा अन्तर्क्रिया लगायतका गतिविधिमार्फत् समुदायमा बालबालिकासम्बन्धी विद्यमान समस्या पहिचान गर्न बालसहभागिता गराउन सकिन्छ ।

(च) **परिवार तथा समुदायिक छलफल:**

घरपरिवार तथा सामुदायमा हुने छलफल तथा बैठकमा बालबालिकाको सहभागितालाई प्रोत्साहन गर्ने । त्यस्ता छलफलमा बालबालिकालाई विचार अभिव्यक्त गर्न प्रोत्साहन गर्ने । र, बालबालिकाले व्यक्त गरेको विचार तथा अभिव्यक्तिलाई उचित महत्व दिने ।

(छ) **बालमैत्री वातावरण:**

बाल-अभिव्यक्तिलाई प्रोत्साहन गर्न बालमैत्री वातावरण आवश्यक पर्दछ । बालमैत्री वातावरणमा बालबालिकाले सुरक्षित महसुस गर्दछन् र निर्णय वा परिणामको डर बिना आफ्ना विचार आदानप्रदान गर्न उत्साहित हुन्छन् । बालसहभागिता सुनिश्चत गर्न बालमैत्री वातावरण एक पूर्वशर्त हो ।




(ज) **बाल-दृष्टिकोणले समस्या विश्लेषण:**

बालबालिकासँग सम्बन्धित समस्याको वस्तुपरक रूपमा पहिचान गर्न बाल-दृष्टिकोणले अत्यन्तै धेरै सघाउँदछ । बालबालिकासँग सम्बन्धित समस्याको पहिचान गर्दा बालबालिकाले समस्यालाई अनुभूत गरेको तहसम्म गएर बुझ्नसक्नुपर्दछ । यसको लागि बालबालिकाबीच (Peer to Peer) सेयरिङ्ग गर्न प्रोत्साहित गर्न सकिन्छ । यो आफैंमा बालसहभागिताको एक उपाय हो ।

(झ) **सहभागितामा विविधता:**

बालबालिकाको सहभागितामा विभिन्न उमेर समूह, लिङ्ग, अल्पसङ्ख्यक समुदाय तथा विपन्न आर्थिक पृष्ठभूमिका परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई समस्या पहिचान प्रक्रियामा सहभागी हुन प्रोत्साहित गर्नुपर्दछ । अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सहभागी गराउँदा विधि-प्रक्रिया तथा सहजीकरण उनीहरूको आत्मसम्मान बढाउने एवम् सक्षम बनाउन सघाउने हुनुपर्दछ ।

---

[१३] बालबाललिकालाई आफ्ना समस्या, गुनासो तथा सुझाव राख्न सहज होस् भनी स्थानीय तह, वडा कार्यालय तथा सामुदायिक केन्द्र *(वा भवन)* मा पनि सुझाव पेटिका राख्ने व्यवस्था गर्न सकिन्छ । निश्चित दिनको अन्तरालमा सुझाव पेटिका खोली आएका विषयलाई सम्बोधन गर्ने परिपाटी बनाउन सकिन्छ । त्यसरी नै, भित्ते पत्रिका पनि अर्को उपयोगी तरिका हुन सक्दछ ।

**(ञ) स्थानीय तहसँग बालबालिकको अन्तर्क्रिया गर्न सहजीकरण:**

समस्या पहिचानको चरणमा बालबालिकालाई स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, भिन्न संरचना तथा निकायसँग प्रत्यक्ष छलफल गर्न बैठक तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न सकिन्छ। त्यस्ता छलफलमा स्थानीय तहको बालबालिका लक्षित नीति, कार्यक्रम, योजना प्रक्रियामा बालक्लब/समूह वा सञ्जालका प्रतिनिधि बालबालिकाको सहभागिता एवम् उनीहरूका मागलाई समावेश गर्ने लगायतका विषयमा केन्द्रित हुनुपर्दछ।

**(ट) घटना अध्ययन तयार गर्न सघाउने:**

बालबालिकालाई घटना विवरण *(केस स्टोरी)* तयार गर्ने विधि-प्रक्रिया र सीप सिकाउने र उनीहरूलाई समुदायमा विगतमा घटेका बालसंरक्षणका मुख्य घटनाको विवरण लेख्न लगाउने। साथै, मुख्य घटनाको स्थितिबारे थाहा पाउन स्थानीय प्रहरी, स्थानीय तहका निकाय र सम्बन्धित शाखाबाट तथ्याङ्क सङ्कलन गरी समग्र स्थिति थाहा पाउन बालबालिकालाई सहजीकरण गर्ने। अनि, त्यस्ता घटना हुन नदिन समुदायमा गरिनुपर्ने कार्य तथा अपनाउनुपर्ने साबधानीका पक्षलाई परियोजनामा समावेश गर्न गराउन सुझाव लिन सकिन्छ।

### ३.३.२ परियोजनाको ढाँचा निर्माणमा बालसहभागिता

बालबालिकाको आवश्यकता तथा दृष्टिकोणलाई परियोजनाको तर्जुमा कार्यमा समावेश गरिएको सुनिश्चित गर्नुपर्दछ। बालबालिकाको सहभागिताले परियोजनाको ढाँचा निर्माण प्रक्रियालाई बालमैत्री बनाउन र समावेशी फ्रेमवर्क *(वा ढाँचा)* तयार गर्न मद्दत गर्दछ। परियोजना चक्रको यस चरणका विभिन्न पक्षमा बालबालिकाको सहभागिता प्रवर्द्धन गर्न सकिन्छ, केही उपायहरू देहायअनुसार रहेका छन्:

**(क) लक्षित समुदायको अवस्थाको विश्लेषण:**

परियोजनाको ढाँचा निर्माणको क्रममा परियोजना कार्यान्वयन गर्ने क्षेत्रका लक्षित समुदायका चुनौति, आकाङ्क्षा तथा दृष्टिकोण बुझ्नका लागि बालबालिकालाई समूह केन्द्रित छलफलमा सहभागी गराउन सकिन्छ। साथै, बालअधिकार प्रत्याभूतिमा समुदायको सबल पक्ष तथा सुधार गरिनुपर्ने पक्षबारे बालबालिकाको दृष्टिकोण सङ्कलन गर्न सामाजिक नक्साङ्कन, शरीर नक्साङ्कन, कथा लेखन र वाचन तथा भूमिका अभिनय लगायत विधिहरू प्रयोग गर्न सकिन्छ। यी विधि प्रयोग गरी बालबालिकाकाले सङ्कलन गरेका तथ्याङ्क, सूचना जानकारीलाई परियोजनाको ढाँचा निर्माणका क्रममा आवश्यकता अनुरूप समावेश गर्नु गराउनुपर्दछ।

**(ख) लक्षित समुदायको पहिचान:**

परियोजनाको लक्षित समुदाय तथा परियोजनाबाट लाभान्वित हुने समुदायको पहिचान गर्न समेत बालबालिकालाई सहभागी गराउन सकिन्छ। यसका लागि बालक्लब/समूह वा सञ्जालका प्रतिनिधि बालबालिका छनौट गर्ने, लक्षित समूह पहिचान गर्ने विधि बनाउने र समुदायका बालबालिकाको विचार

एवम् सुझाव सङ्कलन गर्न सहजीकरण गर्न गराउन सकिन्छ। त्यस्तो छलफल गर्न योग्य बनाउनको लागि अगुवा बालबालिकालाई तालिम दिएर सक्षमता बढाइनुपर्दछ।

**(ग) सरोकारवालाको पहिचानः**

परियोजनाको कार्यान्वयनको सन्दर्भमा सही सरोकारवालाको पहिचान भएमा परियोजनाको प्रभावकारी कार्यान्वयनमा मद्दत पुग्दछ। बालबालिकाबीच समूहमा छलफल चलाई कुनै बाल-केन्द्रित परियोजनाको सरोकारबालाको पहिचान गर्न उनीहरूको दृष्टिकोण लिन सकिन्छ।

**(घ) परियोजनाको उद्देश्य परिभाषित गर्नेः**

बालबालिकाको विशेष आवश्यकता र आकाङ्क्षालाई सम्बोधन गर्नेगरी परियोजनाकौ उद्देश्य तय गर्न, प्राथमिकीकरण गर्न र उद्देश्य पूरा गर्न गरिनुपर्ने क्रियाकलाप चयन गर्न बालबालिकासँग सहकार्य गर्न सकिन्छ। साथै, प्रस्तावित उद्देश्यले बालबालिकाको जीवनको अनुभव र अपेक्षासँग के-कस्तो सरोकार राख्दछ भन्ने बारे समेत छलफल चलाउनुपर्दछ। परियोजनाका सबै उद्देश्य पूरा भएमा त्यसले बालबालिकाको जीवनमा ल्याउने सकारात्मक परिवर्तनबारे बालबालिकासँग छलफल गर्न सकिन्छ। यी सबै प्रक्रियाले परियोजनाका उद्देश्यलाई बालबालिकाको जीवनको वास्तविकता नजिक पुऱ्याउन सघाउँदछ।

**(ङ) अन्तरपुस्ता संवाद (Intergenerational Dialogue):**

बालबालिका र वयष्कका बीच समस्या पहिचान गर्ने, विश्लेषण गर्ने तथा तिनको समाधानका उपायको खोजी गर्ने विषयमा फरक फरक दृष्टिकोण हुन्छन्। यो अन्तरपुस्ताबीचको सोच, चिन्तन र धारणाको कारण हुन्छ। तसर्थ, बालबालिकालाई सहभागी गराई स्वतन्त्र रूपमा समस्यालाई बुझ्ने र तिनको समाधानका उपाय समेत खोज्न दिइएमा उनीहरूले वयस्कभन्दा भिन्न दृष्टिकोण ल्याउन सक्दछन्। यसले परियोजनालाई बालबालिकाको दैनिक जीवनको वास्तविकताको नजिक पुऱ्याउन योगदान दिन्छ। र, यो आफैंमा अन्तरपुस्ता बीच संवाद गर्ने र दुईबीचको खाडललाई पुर्ने अवसर समेत हुन्छ।

**(च) स्रोत र बजेट अनुमान र बाँडफाँडः**

बालबालिकाको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने परियोजना *(जस्तै- शिक्षा, स्वास्थ्य सेवा वा मनोरञ्जन)* को स्रोत बाँडफाँडको बारेमा बालबालिकाको समूहमा छलफल चलाउन सकिन्छ। बालबालिकाका लागि क्रियाकलाप तय गर्न र तिनका लागि आवश्यक पर्ने स्रोत अनुमान गर्दा समेत उनीहरूलाई सहभागी गराउन सकिन्छ।

**(छ) परियोजनाको तार्किक ढाँचा (लजिकल फ्रेमवर्क):**

बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने परियोजनाको नतिजा, अपेक्षित उपलब्धि '*(आउटपुट)*' र मुख्य क्रियाकलापबारे तार्किक ढाँचाको निर्माण गर्दा बालवालिकाको विचार अभिव्यक्त गर्ने अवसर दिन सकिन्छ। यसले परियोजना प्रक्रियामा बालबालिकाको दृष्टिकोण ल्याउनुको साथै उनीहरूलाई तार्किक ढाँचा तर्जुमा विधिबारे ज्ञान, सीप प्रदान गर्दछ।

### (ज) परियोजनाको विस्तृत कार्ययोजना तर्जुमाः

परियोजनाको उद्देश्य हासिल गर्न आवश्यक गतिविधि, समय सीमा, जिम्मेवारी र स्रोत व्यवस्थापनको विस्तृत कार्ययोजना तयार गरिनुपर्दछ । यसमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न सकिन्छ । खासगरी लक्षित समूहका बालबालिकाको तत्कालको आवश्यकता पहिचान गर्ने, तिनलाई सम्बोधन गर्ने योजना बनाउने र कार्यान्वयन गर्ने कार्यमा बालबालिकाले योगदान दिन सक्दछन् । यसको लागि विस्तृत कार्ययोजना तर्जुमा कार्यबारे बालबालिकालाई आवश्यक ज्ञान र सीप दिएर दक्षता अभिवृद्धि गरिनुपर्दछ र बालबालिकासँग परामर्श गरिनुपर्दछ ।

## ३.३.३ परियोजनाको कार्यान्वयनमा बालसहभागिता

परियोजनाको कार्यान्वयनको क्रममा बालबालिकाको सहभागिता सुनिश्चित गर्न देहायका उपाय अपनाउन सकिन्छः

### (क) अभिमुखीकरण र प्रशिक्षणः

परियोजनाको कार्यान्वयनको लागि सम्बन्धित वडा तथा गाउँपालिका वा नगरपालिकास्तरमा कार्यान्वयन गरिने कार्यक्रमबारे जानकारी गराउन गरिने अभिमुखीकरण कार्यक्रममा बालबालिकालाई सरोकारवालाका रूपमा सहभागी गराउनुपर्दछ । परियोजनाका सरोकारवालामाझ गरिने त्यस्तो अभिमुखीकरण कार्यक्रममा बालबालिकालाई आफ्ना सरोकारका विषय, धारणा तथा सुझावबारे अभिव्यक्तिको अवसर दिन, सुन्न, बुझ्न तथा अवलम्बन गर्ने गराउने प्रक्रिया तय गरिनुपर्दछ । र, बालबालिकाले व्यक्त गरेका विचारलाई उचित रूपमा परियोजना प्रक्रियामा सम्बोधन गरिनुपर्दछ । बालसहभागिता सुनिश्चत गराउँदा त्यस्तो अभिमुखीकरणको उद्देश्य तथा त्यहाँ गरिने छलफलको खाकाबारे बालबालिकालाई अग्रीम जानकारी दिइनुपर्दछ ।

### (ख) क्रियाकलापको योजना र कार्यान्वयनः

बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने परियोजनाका क्रियाकलापहरूको कार्यान्वयनको प्राथमिकताक्रम निर्धारण गर्न बालसहभागिता गराउन सकिन्छ । साथै, बालबालिकाले बालक्लब/समूह वा सञ्जाल, स्थानीय बालअधिकार समिति, विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गरी शिक्षा, स्वास्थ्यसम्बन्धी, बालसहभागिता, बालविकास, बालसंरक्षण लगायतका क्रियालापको कार्यान्वयनको कार्ययोजना निर्माण गरी कार्यान्वयनमा सक्रिय रूपमा सहयोग गर्न सक्दछन् । तर, त्यसरी परियोजनाको क्रियाकलापमा बालसहभागिता गराउँदा उनीहरूको विद्यालय समय र अन्य मुख्य जिम्मेवारीमा बाधा नपर्ने गरी समय मिलाइनुपर्दछ ।

### (ग) क्रियाकलापको योजना र कार्यान्वयनमा निगरानीः

विद्यालय तथा गाऊँघर तथा वडा, गाउँपालिका वा नगरपालिकाको तहमा गरिने बालबालिकासँग प्रत्यक्ष सरोकारका क्रियाकलापको निगरानी प्रणालीमा बालसहभागिता गराउन सकिन्छ । उदाहरणको

लागि परियोजनाको क्रियाकलाप कार्यान्वयनबारे पृष्ठपोषण लिने र गुनासो सुनवाइ समिति लगायतका संरचना बनाउँदा बालबालिकाको प्रतिनिधित्व गराउन सकिन्छ। यस्ता संरचनाले गर्ने मुख्य कार्यबारे बालबालिकालाई अभिमुखीकरण गरी उनीहरूको प्रभावकारी संलग्नता सुनिश्चत गराइनुपर्दछ।

**(घ) आधारभूत सर्वेक्षणमा बालसहभागिता:**

लक्षित समुदायको पूर्व-अवस्था *(परियोजना कार्यन्वयन अघिको)* बारे जानकारी सङ्कलन गर्नमा बालबालिकालाई सहभागी गराउन सकिन्छ। यसको लागि उपयुक्त विधि-प्रक्रियाबारे ज्ञान, सीप उपलब्ध गराएर बालबालिकाको क्षमता अभिवृद्धि गरिनुपर्दछ।

**(ङ) जोखिम व्यवस्थापनमा सहयोग:**

परियोजनाको जोखिम निगरानी र आपत्‌कालीन व्यवस्थापन प्रणालीमा बालबालिकाको अनुभव र सुझाव समावेश गर्न बालबालिकालाई सहभागी गराउन सकिन्छ। यसको लागि बालबालिका प्रतिनिधिहरूलाई जोखिमको पहिचान गर्न र तिनलाई सम्बोधन गर्ने उपायको खोजी गर्न सघाउने गरी विषय केन्द्रित छलफल गराउनुपर्दछ।

**(च) सरोकारवाला र दातृ निकायसँगको समन्वयमा सहभागिता:**

परियोजनामा समयानुकूल परिमार्जन गर्न सरोकारवाला र दातृ निकायसँगको समन्वय र सहकार्य प्रक्रियामा बालबालिकाको प्रतिनिधित्व गराउन सकिन्छ। बाल-केन्द्रित परियोजनाका एक मुख्य सरोकारवालाको हैसियतमा बालबालिकाले आफ्ना दृष्टिकोण दिएर परियोजनालाई थप उपलब्धिमूलक बनाउन योगदान दिन सक्दछन्। यी सबै प्रक्रियामा कुशल सहजीकरण आवश्यक पर्दछ।

यसरी, बालबालिकाको सक्रिय सहभागिताले परियोजनाको कार्यान्वयनलाई थप प्रभावकारी र समावेशी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

### ३.३.४ परियोजनाको अनुगमन तथा समीक्षामा बालसहभागिता

परियोजनाको अनुगमन तथा समीक्षा प्रक्रियामा बालबालिकाको सहभागिताले परियोजनाको प्रभावकारिता, पारदर्शिता र दिगोपनामा बालबालिकाको दृष्टिकोणबाट विश्लेषण गर्न योगदान पुऱ्याउँदछ। परियोजनाको अनुगमन तथा समीक्षा प्रक्रियामा सहभागी भएर बालबालिकाले परियोजनाका क्रियाकलाप र त्यसले बालबालिकाको अधिकारमा पार्ने प्रभावबारे आफ्ना विचार, प्रतिक्रिया तथा अनुभव अभिव्यक्ति गर्दछन्। त्यसले परियोजना कार्यान्वयनमा सुधार ल्याउन र परियोजनाको दीर्घकालीन प्रभावलाई सुदृढ बनाउन मद्दत पुऱ्याउँछ।

परियोजनाको अनुगमन तथा समीक्षा प्रक्रियामा बालबालिकाको सहभागिता देहायका कार्यहरू सम्पादन गर्दा गर्न गराउन सकिन्छः

**(क) सूचकहरू पहिचान गर्नमा बालसहभागिताः**

अनुगमन तथा समीक्षाका लागि आवश्यक सूचकहरू पहिचान गर्ने प्रक्रियामा बालबालिकाको विचार समावेश गर्न उनीहरूको प्रतिनिधित्व गराउने । बाल-केन्द्रित परियोजनाको सूचक बनाउँदा- (क) परियोजना-प्रक्रियासँग सम्बन्धित, र (ख) परियोजनाको प्रगति/उपलब्धि सम्बन्धित अलग-अलग सूचक बनाउनुपर्दछ। र, परियोजनाको बालअधिकारमा केन्द्रित भई सूचक तय गर्नमा बालसहभागिताले महत्वपूर्ण योगदान दिन सक्दछ।

**(ख) प्रगतिको निरीक्षणमा संलग्नताः**

परियोजनाको गतिविधि र परिणामको प्रगति निरीक्षण गर्ने टोलीमा बालबालिकाका प्रतिनिधिलाई सहभागी गर्ने गराउने । यसरी बालबालिकालाई सहभागी गराउँदा उनीहरूले परियोजनाको कुन पक्षलाई के कस्ता सूचकका आधारमा अनुगमन गर्ने भन्ने बारेमा तलिम पाएको हुनुपर्दछ।

**(ग) बालबालिकासँग प्रयोग गर्न सकिने बालमैत्री विधि-प्रक्रिया तय गर्नेः**

परियोजनाको अनुगमन तथा समीक्षा गर्ने प्रयोजनका लागि सरल खालका सहभागितामूलक विधि, क्रियाकलाप, खेल तथा विषय-केन्द्रित छलफलका औजार बनाई उपयोग गर्न सकिन्छ। त्यस्ता विधि-प्रक्रिया परियोजनाको अनुगमन तथा समीक्षाको मूल लक्ष्य पूरा गर्नेगरी बालबालिकासँग छलफल गरी तयार गर्नुपर्दछ। त्यस्तै, परियोजनाका कुनै खास पक्षमा सफलता *(वा असफलता)* का कथाहरू तयार गर्न लगाएर समेत उद्देश्यमूलक किसिमले बालबालिकासँग सहकार्य गर्न सकिन्छ।

**(घ) जानकारी सङ्कलनः**

लक्षित समुदायमा परियोजना कार्यान्वयन प्रक्रिया तथा आएका परिवर्नतलाई मापन गर्नका लागि तथ्याङ्क सङ्कलन कार्यमा बालबालिकालाई सहभागी गराउन सकिन्छ। यसरी अनुगमन तथा समीक्षा कार्यमा सहभागी हुने बालबालिकाले सूचक र विधि-प्रक्रियाबारे विस्तृत रूपमा जानकारी पाएको हुनुपर्दछ। यसको लागि उनीहरूलाई लक्षित तालिम दिइनुपर्दछ।

**(ङ) डिजिटल डिभाइस (अनलाइन वा अफलाइन प्लेटफर्म) मा आधारित विधिहरूको प्रयोगः**

बालबालिका र किशोरकिशोरी डिजिटल डिभाइसमा आधारित विधि *(जस्तै, कोबो टुलबक्स)* मा प्रश्नावली तयार गरी बालबालिकालाई लक्षित बालबालिका तथा वयस्कसँग सूचना जानकारी सङ्कलन गर्न लगाउन सकिन्छ। यसको लागि प्रश्नावली तयार गर्ने, विधि तर्जुमा *(टुल डिजाइन)* गर्ने र विधिको प्रयोग गरी सूचना सङ्कलन गर्ने कार्यबारे सहभागी हुने बालबालिकालाई तालिम दिनुपर्दछ।

**(च) पृष्ठपोषण प्रणालीमा योगदान दिन बालबालिकालाई आमन्त्रण गर्ने:**

अनुगमन तथा समीक्षाको क्रममा पत्ता लागेका समस्या वा सुधार गर्नुपर्ने क्षेत्रबारे बालबालिकाको पृष्ठपोषण सङ्कलन गर्ने र त्यस्तो प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्न सकिन्छ । यसको लागि परियोजनासँग प्रत्यक्ष जोडिएका बालबालिका *(लाभग्राही वा सक्रिय कर्ताको रूपमा)* सँग समूह केन्द्रित छलफल चलाउन तथा पृष्ठपोषण संवाद सञ्चालन गर्न सकिन्छ । यी सबै प्रक्रियामा सहभागिताको लागि लक्षित बालबालिकाको दक्षता अभिवृद्धि गरिनुपर्दछ ।

**(छ) प्रतिवेदनमा सुझाव:**

परियोजनाको अनुगमन तथा समीक्षा प्रतिवेदनको मस्यौदा तयार भएपछि संलग्न भएका बालबालिकालाई उक्त मस्यौदा उपर छलफल गर्न सहभागी गराउन सकिन्छ । यस प्रक्रियामार्फत् बालबालिकाले व्यक्त गरेका विचार तथा आदानप्रदान गरेका अनुभवलाई सान्दर्भिक भएसम्म प्रतिवेदनमा समावेश गरिनुपर्दछ । यसले उक्त प्रतिवेदनप्रति बालबालिकाको अपनत्व समेत बढ्दछ ।

**(ज) सम्बन्धित सरोकारवालासँग संवाद:**

अनुगमनको नतिजा सरोकारवालासँग साझा गर्न र सुधारका लागि सुझाव लिनदिन सरोकारवालासँग गरिने छलफल/संवादमा बालबालिकालाई सहभागी गराउन सकिन्छ । यस्तो छलफलमा परियोजनाको अनुगमन तथा समीक्षामा सहभागी भएर बालबालिकाले दिएको योगदान *(Contribution)* बारे उजागार गरिनुपर्दछ ।

**(झ) समस्या समाधान प्रक्रियामा सहभागिता:**

अनुगमन तथा समीक्षाका क्रममा पत्ता लागेका परियोजनाका खास-खास समस्याको समाधान खोज्ने कार्यमा समेत संलग्न भएका बालबालिकासँग छलफल तथा अन्तर्क्रिया चलाउनुपर्दछ ।

यसरी, बालबालिकालाई अनुगमन तथा समीक्षा प्रक्रियामा सहभागिता गराउनाले परियोजनाको प्रभावकारिता र दीर्घकालीन सफलता सुनिश्चित गर्न सहयोग पुग्दछ । बालबालिकाको सक्रिय सहभागिताले परियोजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व वहन र सामाजिक समावेशिता बढाउन मद्दत गर्दछ ।

### ३.३.५ परियोजनाको मूल्याङ्कनमा बालसहभागिता

परियोजनाको मूल्याङ्कनमा बालबालिकाको सक्रिय सहभागिताले परियोजनाको प्रभाव र परिणामको सही यथार्थपरक मूल्याङ्कन गर्न भूमिका निर्बाह गर्दछ । मूल्याङ्कन प्रक्रियामा बालबालिकाको संलग्नताले परियोजनाको प्रभावकारिता र लक्षित समुदायमा भएको परिवर्तनलाई वास्तविक रूपले समेट्न मद्दत गर्दछ । मूल्याङ्कनको क्रममा बालबालिकालाई आफ्ना हेराइ तथा अनुभव साझा गर्ने अवसर दिनाले परियोजना कार्यान्वयनको क्रममा भए गरिएका क्रियाकलापले ल्याएको परिवर्तन तथा प्रभावको सन्दर्भमा उनीहरूको दृष्टिकोण उजागर हुन्छ । बालबालिका सहभागी भएका योजनाको कार्यान्वयन पछि गरिने आवधिक तथा अन्तिम मूल्याङ्कन प्रक्रियामा

उनीहरूलाई सहभागी गराउन सकिन्छ । मूल्याङ्कन प्रक्रियामा सहभागी हुन पाउनु बालबालिकाको अधिकार हो ।[१४] मूल्याङ्कन प्रक्रियाका देहायका कार्यमा बालसहभागिता गर्न गराउन सकिन्छः

**(क) परियोजनाको प्रभाव मूल्याङ्कनमा बालबालिकाको सहभागिताः**

बालबालिकाले परियोजनाले उनीहरूको जीवनमा परेको प्रभावको मूल्याङ्कनमा सक्रिय भूमिका खेल्न सक्दछन् । उनीहरूको प्रत्यक्ष अनुभव र दृष्टिकोणले परियोजनाको प्रभाव र सफलताको सही मूल्याङ्कन गर्न महत्वपूर्ण योगदान दिन्छ । परियोजनाको मूल्याङ्कनमा बालसहभागिताका लागि बालमैत्री एवम् सहभागितामूलक विधि *(औजार)* र प्रक्रिया तर्जुमा गर्नुपर्दछ । बालबालिकालाई समुदायका लक्षित बालबालिकासँग छलफल र अन्तर्क्रिया गरेर परियोजनाले उनीहरूको जीवनमा पारेको सकारात्मक प्रभावबारे कथा/घटना विवरण लेख्न लगाउन सकिन्छ ।

**(ख) समुदाय र बालबालिकाको सुझाव सङ्कलनः**

परियोजनाको मूल्याङ्कन गर्दा बालबालिकाबाट प्राप्त हुने सुझाव तथा प्रतिक्रिया प्रायःजसो समुदायको आवश्यकता र प्राथमिकतासँग मेल खान्छ । समुदायमा सुझाव सङ्कलन गर्दा बालबालिकालाई सहभागी गराएमा उनीहरूको दृष्टिकोणसहित परियोजना मूल्याङ्कनको सुनिश्चतता बढद्छ ।

**(ग) पृष्ठपोषण प्रणालीमा बालबालिकाको संलग्नताः**

मूल्याङ्कनको अन्तिम चरणमा बालबालिकालाई आफ्नो पृष्ठपोषण प्रस्तुत गर्ने अवसर दिनुपर्दछ । यसो गर्नाले परियोजनाका गतिविधि र परिणामको वास्तविक प्रभावलाई उजागर गर्न मद्दत पुर्‍याउँछ ।

**(घ) विश्लेषण र मूल्याङ्कनमा सहभागिताः**

परियोजनाको मूल्याङ्कनका लागि सूचना सङ्कलन कार्य लगायत परियोजनाको प्रभाव मूल्याङ्कन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनुपर्दछ ।

**(ङ) सुधारका लागि सुझावः**

परियोजना सुधारका लागि सुझाव सङ्कलन कार्यमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुपर्दछ । मूल्याङ्कन प्रक्रियामा बालबालिकाको संलग्नताले परियोजनाको मूल्याङ्कनको प्रभावकारिता बढाउन मद्दत पुर्‍याउँदछ ।

**(च) मूल्याङ्कन प्रतिवेदन सार्वजनिकः**

मूल्याङ्कनको प्रतिवेदनलाई अन्तिम रूप दिनुअघि मस्यौदामाथि पृष्ठपोषण सङ्कलन गर्दा र अन्तिम प्रतिवेदन सबै सरोकारवालासँग साझा गर्ने कार्यमा तथा निष्कर्षहरू प्रस्तुत गर्ने कार्यमा बालबालिकालाई सहभागी

---

[१४] बालबालिकाको सहभागिताको अधिकार जानकारी पुस्तिका, कन्सोर्टियम नेपाल, पृ. ८-९ ।

गराउन सकिन्छ। खासगरी यस चरणमा परियोजनाको मूल्याङ्कन प्रक्रियामा सहभागी भएका बालबालिका प्रतिनिधिलाई सहभागी गराइनुपर्दछ। बालबालिकाको यस्तो सहभागिताले परियोजनाको मूल्याङ्कन प्रक्रियामा पारदर्शिता र प्रभावकारिता ल्याउँछ। र, यसले परियोजनाको दीर्घकालीन सफलताको मार्गदर्शनमा सहयोग पुऱ्याउँदछ।

### ३.३.६ परियोजनाको समापनमा बालसहभागिता

परियोजनाको समापन प्रक्रियामा बालबालिकाको सहभागिता महत्वपूर्ण हुन्छ, किनकि यसले परियोजनाका कारण प्राप्त भएका प्रभाव र सफलताको जाँच गर्न र समग्र परिणामहरूको मूल्याङ्कनमा बालबालिकाको दृष्टिकोणलाई समावेश गदर्छ। परियोजनाको समापनमा बालबालिकालाई सहभागी गराइनाले उनीहरूले प्राप्त गरेका ज्ञान तथा सीपको विश्लेषण गर्न र परियोजनाले समुदाय तथा उनीहरूको जीवनमा ल्याएको परिवर्तनबारे प्रत्यक्ष बताउने अवसर दिन्छ। समापन प्रक्रियामा बालबालिकाको सहभागिताले परियोजनाको प्रभावलाई दीर्घकालीन र समावेशी बनाउन मद्दत गर्दछ।

परियोजनाको समापनमा बालसहभागिता निम्न कार्यहरूमा सुनिश्चित गर्न सकिन्छः

**(क) परियोजनाको परिणाम र प्रभावको मूल्याङ्कनमा सहभागिताः**

बालबालिकाले परियोजनाको समापनका बेला यसको प्रभाव मूल्याङ्कनमा आफ्नो अनुभव र दृष्टिकोण प्रदान गर्न सक्दछन्, जसले परियोजनाले उनीहरूको जीवनमा ल्याएको परिवर्तनको सही मूल्याङ्कन गर्न मद्दत पुऱ्याउँदछ।

**(ख) अन्तिम तयारीमा योगदानः**

परियोजनाको समापन प्रतिवेदन तयार गर्दा बालबालिकालाई यसका मुख्य परिणाम र उपलब्धिहरूबारे जानकारी प्रदान गरेर उनीहरूको प्रतिक्रिया र विचार सङ्कलन गर्न लगाउन सकिन्छ। यसो गर्नाले समग्र प्रतिवेदनलाई थप पारदर्शी र समावेशी बनाउँदछ।

**(ग) समापन समारोह र प्रतिक्रिया सत्रः**

परियोजनाको समापनका अवसरमा आयोजना गरिने औपचारिक समापन कार्यमा बालबालिकाले गरेको योगदानको सम्मान गर्न र उनीहरूबाट परियोजनाबारे प्राप्त पृष्ठपोषण र सुझावहरू सङ्कलन गर्न उनीहरूको सहभागिता सुनिश्चित गरिनुपर्दछ।

**(घ) शिक्षा र सीप विकासको समीक्षाः**

परियोजना समाप्त हुँदा बालबालिकाले प्राप्त गरेका ज्ञान र सीपको समीक्षा गर्ने अवसर दिन समेत उनीहरूलाई सहभागी गराइनुपर्दछ। यसो गर्नाले भविष्यमा यस्तै प्रक्रियामा के-कसरी बालसहभागिता बढाउन सकिन्छ भन्नेबारे महत्वपूर्ण सिकाइ पाउन सकिन्छ।

### (ङ) दिगोपनाका लागि सुझाव:

परियोजना समापनमा परियोजनालाई दीर्घकालीन रूपमा प्रभावकारी र दिगो बनाउन बालबालिकाको धारणा लिन सहभागिता गराउनु आवश्यक हुन्छ । कतिपय अवस्थामा दिगोपनबारे बालबालिकाले वयस्कभन्दा भिन्न दृष्टिकोण दिएर योगदान पुऱ्याउन सक्दछन् ।

### (च) समुदायसँगको संवादमा बालबालिकाको भूमिका:

बालबालिकालाई परियोजनाका परिणाम र प्रभावको बारेमा समुदायसँग अन्तर्क्रिया गरी विचार आदानप्रदान गर्न सहभागी हुने अवसर दिइनुपर्दछ ।

समापन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गर्नाले परियोजनाको समग्र मूल्याङ्कन र भविष्यका योजनामा सुधार गर्न सहयोग पुऱ्यउँदछ । बालबालिकाबाट प्राप्त हुने विचार र सुझावले भविष्यमा बनाइने परियोजनालाई थप प्रभावकारी र समावेशी बनाउँन मद्दत पुऱ्याउँछ ।

**परियोजना चक्र व्यवस्थापनमा बालसहभागिताले बालबालिकाको जीवनमा पार्नसक्ने सकारात्मक प्रभाव:**

- **सीपको विकास गर्दछ:**

बालबालिकाले दिगो विकासका लागि आवश्यक महत्वपूर्ण सीप सिक्न र तिनलाई व्यवहारमा प्रयोग गर्न सक्षम हुन्छन् ।

- **समुदायमा योगदान:**

निर्णय लिने र प्रभावकारी रूपमा सामुदायिक गतिविधिमा सक्रिय सहभागितामार्फत् बालबालिकाले आफ्नो समुदायको विकासमा योगदान दिन सक्छन् ।

- **विश्वासमा अभिवृद्धि:**

सहभागिताले बालबालिकामा आत्मविश्वास अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ ।

- **सहयोगी भावनामा अभिवृद्धि:**

सहभागिताले बालबालिकालाई सहयोगी बन्न प्रेरित गर्दछ र उनीहरूमा सामूहिक भावनाको विकास गर्न सघाउँदछ । यसले गर्दा, समुदायमा आफूजस्तै अरू बालबालिकाको अधिकार प्राप्तिका लागि समेत सक्दो प्रयास गर्नुपर्दछ भन्ने भावना उनीहरूमा विकास हुन सक्दछ ।

- **सम्मानमा वृद्धि:**

बालसहभागिताले समाजमा बालबालिकालाई हेर्ने वयस्कको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सघाउन पुग्दछ । साथै, यसले बालबालिकालाई सहयोगी बन्न प्रेरित गर्दछ र सामूहिक भावना विकास गर्नमा सघाउँदछ ।

- **साझा सम्पत्तिको अपनत्व:**

सहभागिताले गाउँघर, टोल, समुदायमा रहेको सार्वजनिक सम्पत्तिको हेरचाह, संरक्षण र व्यवस्थापन गर्न सिक्ने अवसर समेत बालबालिकालाई प्रदान गर्दछ ।

# परिच्छेद-४:

# स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता

## ४.१ स्थानीय तहको विकास योजना


“विकास योजना भनेको उपलब्ध स्रोत-साधनलाई परिचालन गरी निश्चित योजना अवधिभित्र तोकिएका लक्ष्य उद्देश्य प्राप्त गर्ने दस्तावेज हो।”[15] यसर्थ, विकास योजनामा- (क) आर्थिक, सामाजिक वा मानवीय विकासको लक्ष्य हुन्छ, (ख) त्यसलाई पूरा गर्ने निश्चित अवधि हुन्छ, (ग) त्यसको लागि नीति, रणनीति र कार्यक्रम तय गरिएको हुन्छ, (घ) कार्यक्रम कार्यान्वयनको लागि चाहिने स्रोतसाधनको व्यवस्था गरिएको हुन्छ, र (ङ) योजनाले के-कस्ता नतिजा ल्याउँदछन् भनी निर्धारण गरिएको हुन्छ।

स्थानीय तहमा पनि विकास योजनाहरू बन्ने गर्दछन्। “...स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकासका योजना तर्जुमा... गर्दछ।”[१६] स्थानीय तहको योजनामा- (क) स्थानीय लक्ष्य, (ख) स्थानीय प्राथमिकता, र (ग) स्थानीय विकासको आवश्यकता एवम् रणनीतिलाई समेटिएको हुन्छ।

त्यस्ता योजना समयावधिको हिसाबले दीर्घकालीन योजना *(Long term plan)*, मध्यकालीन योजना *(Medium term plan)*, तथा वार्षिक योजना *(Annual plan)* जस्ता विभिन्न प्रकारका हुन सक्दछन्। तथापि, यस पुस्तिकाको प्रयोजनका लागि स्थानिय तहमा बन्ने वार्षिक योजनालाई विशेष जोड दिइएको छ। वार्षिक योजना एक वर्षको लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ। वार्षिक योजनामा लक्ष्य तथा उद्देश्य, कार्यान्वयन क्षमता, स्रोत-साधनको उपलब्धता समेतको आधारमा यथार्थपरक आङ्कलन गरिनुको साथ उचित किसिमबाट प्राथमिकता निर्धारण गर्न सकिने हुन्छ।

## ४.२ स्थानीय तहमा वार्षिक योजना तर्जुमा

“हाम्रो जस्तो स्रोत-साधनको अभाव रहेको र विकासको चाहना र आवश्यकता अत्याधिक रहेको देशमा सीमित स्रोत-साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने खाँचो छ। ...जनतालाई पुर्‍याउनुपर्ने शिक्षा,




[१५] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३९-४०

[१६] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३९-४०

स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वाधार निर्माणका साथै कृषि क्षेत्रको विकास, रोजगारीको सिर्जना, गरिबी निवारण, सन्तुलित र समावेशी विकास जस्ता विषयहरू राज्यको दायित्वभित्र पर्दछ । तसर्थ, उपलब्ध सीमित स्रोत-साधनको उपयोग गरी यी राज्यको दायित्व भएको क्षेत्रमा लगानी गर्नु आवश्यक छ ।"[१७] यसका स्थानीय तहमा योजनाबद्ध विकासको औचित्य देखिन्छ ।

स्थानीय तहमा योजना तर्जुमा गर्दा "... स्थानीय तहको प्रमुख समस्याहरू के के छन् त्यसलाई पहिचान गर्ने, ती समस्या समाधान गर्न सम्भावना केलाउने र स्थानीय तहको विकासका सम्भावना के के छन् त्यो पहिचान..."[१८] गर्नुपर्दछ ।

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत... योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ ।"[१९]

"वार्षिक योजना/वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमाको मुख्य उद्देश्य ...स्थानीय तहमा सञ्चालन गरिने विकास आयोजना तथा कार्यक्रमको प्रभावकारिता कायम गर्नु हो । ... साथै, यसको उद्देश्य विकास कार्यक्रममा पारदर्शिता, स्थानीय स्रोत-साधनहरूको न्यायोचित वितरण र विनियोजित बजेटबाट अपेक्षित उपलब्धि हासिल गर्नु हो ।"[२०]

वार्षिक योजना (वार्षिक बजेट तथा कार्यक्रम) तर्जुमा विभिन्न चरण र समय सीमाका आधारमा गरिन्छ । स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने सात (७) चरणहरू देहायअनुसार रहेका छन् :

**वार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमाका चरण र समयसीमा**




---

[१७] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३९-४०

[१८] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३९-४०

[१९] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३६

[२०] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.३७

| चरणहरू | क्रियाकलाप |
|---|---|
| पहिलो चरणः<br>**सङ्घबाट जाने अनुदान र बजेट मार्गदर्शन** | पहिलो चरणमा सङ्घीय सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछ। बजेट मार्गदर्शनमा सङ्घीय सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनुपर्ने विषयहरू समावेश हुनेछ। |
| दोस्रो चरणः<br>**स्रोत अनुमान र क्षेत्रगत सीमा निर्धारण** | यो चरणमा स्थानीय तहले सङ्घीय अनुदान, स्थानीय तहमा सङ्कलन हुने राजस्व लगायतका स्रोतहरूबाट प्राप्त हुने कुल आम्दानी अनुमान गर्नुपर्ने हुन्छ। स्थानीय तहले सङ्घीय अनुदानबाहेक संविधानले निर्धारण गरेको क्षेत्रको राजस्व सङ्कलन गर्न सक्छ। |
| तेस्रो चरणः<br>**बस्तीबाट योजना छनौट** | स्थानीय तहको बजेट तर्जुमामा जनसहभागिताका हिसाबले सबैभन्दा महत्वपूर्ण चरण नै यही हो । स्थानीय तह भित्रका स-साना बस्ती, गाउँघर र टोलले स्थानीय भेलामार्फत् आफ्ना योजनाहरू छनौट गर्छन्। |
| चौथो चरणः<br>**वडाबाट योजना छनौट** | बस्ती, गाउँघर र टोलबाट छनौट भएका योजनाहरूबारे यो चरणमा वडामा छलफल हुन्छ। यसले योजनाको प्राथमिकता पनि निर्धारण गर्छ। |
| पाँचौं चरणः<br>**विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा** | बजेट तर्जुमाको पाँचौं चरणमा वडाबाट पारित भएर आएका योजनामाथि विषयगत समितिमा छलफल हुन्छ। विषयगत समितिले योजनाको प्राथमिकता र त्यसका लागि चाहिने बजेट निर्धारण गर्छ। |
| छैटौं चरणः<br>**कार्यपालिकाले बजेट पारित गर्ने** | एकीकृत योजना तर्जुमा समितिले तयार गरेको एकीकृत बजेट गाउँकार्यपालिका वा नगरकार्यपालिकामा छलफलका लागि लगिन्छ। जसरी सङ्घीय सरकारले बजेट संसदमा प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद बैठकले पारित गर्छ, ठीक त्यसैगरी गाउँकार्यपालिका वा नगरकार्यपालिकाको बैठकले बजेटमाथि छलफल गरी पारित गर्छ। |
| सातौं चरणः<br>**सभामा छलफल र बजेट पारित** | कार्यपालिकाले पारित गरेको बजेट प्रमुख वा अध्यक्षले गाउँसभा वा नगरसभामा प्रस्तुत गर्छन् । सभामा प्रमुख वा अध्यक्ष, उपप्रमुख वा उपाध्यक्ष, कार्यपालिकाका सदस्य, वडा अध्यक्ष र प्रत्येक वडाका चारजना निर्वाचित सदस्य लगायतका व्यक्ति सदस्य रहन्छन्। सभाबाट छलफल भई पारित भएपछि बजेट कार्यान्वयनमा जान्छ। बजेट कार्यान्वयनको दायित्व गाउँकार्यपालिका वा नगर कार्यपालिकाको हुन्छ। |

- **वडा तहका योजना छनौट तथा प्राथमिकीकरण**

वडा तहअन्तर्गत वस्ती/टोलस्तरको आयोजनाहरू छनौट गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ[२१] :

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न गाउँघर, वस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने,

(ख) प्रत्येक वडाले वडाभित्रका गाउँघर, वस्ती/टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनुपर्ने,

(ग) गाउँपालिका वा नगरपालिका अन्तर्गतका वडाका गाउँघर, वस्ती/टोलहरू भेलामार्फत् गाउँघर, वस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने। गाउँघर, वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने,

(घ) गाउँघर, वस्ती/टोलस्तरका योजना छनौट गर्दा सो वस्तीभित्रका सबै वर्ग र समुदाय *(महिला, दलित, आदिवासी, जनजाति, मधेश, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, आदि)* लगायत सबै समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने।

त्यसैगरी[२२]

- गाउँघर, वस्ती/टोलभित्रका क्रियाशील सामुदायिक संस्थाहरू *(टोलविकास संस्था, महिला/आमा समूह, बालक्लब/समूह वा सञ्जाल, युवाक्लब, स्थानीय गैरसरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका संरचना...)* लाई पनि सहभागी गराउनुपर्ने,
- माथि उल्लिखित सरोकारवालाहरूको आधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भई आयोजना छनौटको सम्बन्धमा अन्तर्क्रिया, छलफल, विमर्श गरी आयोजनाहरू छनौट गर्नुपर्ने।

## ४.३ स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्नका लागि बालभेला

स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालसहभागिता सुनिश्चित गर्नका लागि बालभेला गरिनु महत्वपूर्ण हुन्छ। खासगरी वडा तहअन्तर्गत गाउँघर, वस्ती/टोलस्तरको आयोजनाको छनौट गरिँदाको चरणमा वडाभित्र रहेका बालक्लब/समूह वा सञ्जालका प्रतिनिधि र समुदायका बालबालिकाको भेला गराई उनीहरूलाई बालबालिकाको हकअधिकार प्रवर्द्धन गर्न, बालसंरक्षण र बालसहभागिताका लागि के-कस्ता योजना वा कार्यक्रम तय गरिनुपर्दछ, त्यो छनौट गर्न दिइनुपर्दछ।

---

[२१] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.४५।

[२२] स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, रायोआ, पे.४६।

### योजना प्रक्रियामा बालभेलाको महत्व

- बालभेलाले बालबालिका *(बालक्लब/समूह वा सञ्जालमा भएका वा नभएका)* लाई एकै ठाउँमा जम्मा भई उनीहरूको समस्या, आवश्यकता र चाहनाबारे विचार राख्ने अवसर सिर्जना गर्छ,
- बालभेलामा छलफल गरी बालबालिकाले आफ्ना वास्तविक आवश्यकताअनुरूप प्राथमिकता निर्धारण गर्न सक्छन्,
- त्यसरी तय गरिएका प्राथमिकतालाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजनसम्बन्धी निर्णय गर्ने संरचना र पदाधिकारीसमक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुनेगरी कार्य गर्न स्थानीय तहलाई सघाउन सक्दछन्,
- बालभेलाले बालबालिकाको अर्थपूर्ण सहभागिता वृद्धि गर्न सहयोग पुऱ्याउँदछ,
- बालभेलाले बालबालिका तथा बालक्लब/समूह वा सञ्जालको सदस्यको योजना तर्जुमा प्रक्रियाबारे र वडासमितिसँग सहकार्य गर्नेबारे क्षमता विकास गर्न सघाउँदछ,
- बालभेला र स्थानीय योजनामा संलग्न हुनुले बालबालिकालाई स्थानीय शासन र प्रजातान्त्रिक पद्धतिमा सहभागी हुने अवसर प्राप्त हुन्छ ।

- **बालबालिकालाई बालभेलामा सहभागी गराउँदा के–के गर्ने त ?**

**बालभेला अघि :**

- बालभेलाको स्थान, मिति र समयबारे बालबालिकालाई जानकारी दिने,
- भेलाको लागि बालबालिकालाई पायक पर्ने समय, मिति र स्थान तय गर्ने,
- बालबालिका तथा बालक्लब/समूह वा सञ्जालका सदस्यसँग बालभेलाबारे छलफल गर्ने,
- बालअधिकार, बालसंरक्षण, बालसहभागिता एवम् बालमैत्री स्थानीय शासनबारे राम्ररी बुझेको दक्ष सहजकर्तालाई भेलाको सहजीकरण गर्ने जिम्मा दिने,
- भेलाको लागि आवश्यक सामग्रीको बन्दोबस्त गर्ने, भेलामा प्रयोग गरिने विधिबारे र तिनको माध्यमबाट निकालिने निष्कर्षबारे स्थानीय तह, वडा समिति, सहयोगी संस्था र सहजकर्ताको समबुझाइ बनाउन कोशिस गर्ने,
- स्थानीय तहसँग सहकार्य गरी बालभेला अगावै आवश्यक जानकारी जस्तैः तोकिएको बजेट, निर्देशिका, मार्गनिर्देशन, योजनाको लागि गरिएको स्थिति अध्ययन आदिबारे जानकार हुने,
- बालभेला र त्यसले निकालेको निष्कर्षलाई वडा तथा गाउँपालिका वा नगरपालिकाको योजना, कार्यक्रम तथा बजेटमा समावेश गर्नको लागि वडा समिति र स्थानीय तहले अपनत्व लिनको लागि कार्यमूलक समन्वय र सहकार्य गर्ने ।

**बालभेला सञ्चालनका क्रममाः**

- अध्यक्षताः गाउँपालिका वा नगरपालिकास्तरीय बालक्लब/समूह वा सञ्जालका अध्यक्ष, अध्यक्ष उपस्थित नभएको अवस्थामा उपाध्यक्ष वा सञ्जालका कुनै सदस्य र सञ्जाल नबनेको अवस्थामा कुनै बालक्लब/समूहको अध्यक्ष,
- बालभेलाको प्रमुख अतिथिः गाउँपालिका वा नगरपालिकाका अध्यक्ष वा प्रमुख र निजको अनुपस्थितिमा उपप्रमुख वा उपाध्यक्ष *(दुवै उपस्थित भएमा उपप्रमुख वा उपाध्यक्षलाई विशिष्ट अतिथि बनाउने),*
- भेलाको उद्घाटन सत्रको सञ्चालनः गाउँपालिका वा नगरपालिकास्तरीय बालक्लब सञ्जालका सचिव वा अन्य कुनै पदाधिकारी, सदस्य वा प्रतिनिधि,
- सहजीकरणः सहभागितामूलक लेखाजोखा तथा विश्लेषणका सहजकर्ताले नै बालभेलाको पनि सहजीकरण गर्नेछन्,
- समन्वय र सल्लाहकारी भूमिकाः बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति।

**एक दिने (५ वा ६ घण्टा) बालभेलाको कार्यसूची**

- बालभेलाको उद्घाटन
- बालभेलाको उद्देश्यमाथि प्रकाश
- सहभागी र आयोजकको परिचय
- बालबालिकाको समूह विभाजन *(बालअधिकार, बालसंरक्षण, बालसहभागिता तथा बालमैत्री स्थानीय शासनका मुख्य सूचकको स्थिाति तथा गरिनुपर्ने कार्यबारे छलफल गर्नको लागि)*
- शरीर नक्साङ्कन *(बालबालिकाको सवाल पहिचान गर्नका लागि)*
- सुरक्षित र असुरक्षित *(बालसंरक्षणका सवाल पहिचान गर्नका लागि),*
- परिकल्पना (बालबालिकाले देखेको वडा तथा स्थानीय तहबारे छलफल गराउनका लागि)
- सवाल, समस्या, आवश्यक योजना तथा कार्यक्रमको वर्गीकरण

- योजना तथा कार्यक्रमको प्राथमिकीकरण

> योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्दा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा समावेश गरिएका बालबचाउ, बालविकास, बालसंरक्षण र बालसहभागितासम्बन्धी सूचकहरूलाई आधार मान्नुपर्दछ । ती सूचकमध्ये बालबालिकालाई प्रत्यक्ष फाईदा पुग्ने तथा स्थानीय समुदायमा अत्यावश्यक रूपमा गरिनुपर्ने कार्यसँग सम्बन्धित सूचकहरूलाई प्राथमिकता दिनुपर्दछ ।

- निर्णय लेखन र आगामी प्रक्रियाबारे जानकारी

> प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरूलाई सहजकर्ताले माइन्युट गर्नुपर्छ । माइन्युट भएका योजनाहरू बस्तीस्तरको योजना तथा कार्यक्रम छनौट प्रक्रिया हुँदै गाउँसभा वा नगरसभामा पेश गर्नुपर्छ । यस कार्यमा वडा अध्यक्ष, वडा समिति, वडा सचिवको संलग्नता सुनिश्चित गरिनुपर्दछ । यसो भएमा गाउँपालिका वा नगरपालिकास्तरीय योजना प्रक्रियामा बालभेलाले प्राथमिकतामा राखेका योजना तथा कार्यक्रम समावेश गर्नमा उहाँहरूले अपनत्व लिन सक्नुहुनेछ ।

- सत्रको समापन र धन्यवाद ज्ञापन ।

### बालभेलापछि गरिनुपर्ने कार्य:

बालभेलाबाट आएका योजना तथा कार्यक्रमलाई स्थानीय तहको योजना, कार्यक्रम र बजेटमा समावेश गर्न देहायका काम गरिनुपर्दछः

- बालभेलाले तर्जुमा गरेका योजना तथा कार्यक्रमलाई बालमैत्री स्थानीय शासन समितिको बैठकमा पेश गरी वस्तीस्तरको योजना तर्जुमा प्रक्रियाभन्दा अगाडि नै निर्णय गराउन पहल गरिनुपर्ने,
- बालभेलाबाट प्राथमिकतामा आएका योजना तथा कार्यक्रमहरूको निर्णयको प्रतिलिपि वडास्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकाले वस्तीस्तरको योजना तर्जुमा हुँदा पेश गर्नुपर्ने,
- सहजकर्ता, आयोजक संस्था तथा गाउँपालिका वा नगरपालिकास्तरीय बालक्लब सञ्जालले वडा अध्यक्ष, वडा समिति र स्थानीय तहको योजना तर्जुमा समितिसँग निरन्तर फलोअप गरी गाउँ सभा वा नगर सभामा पेश गरिने योजना तथा कार्यक्रममा बालभेलाले प्राथमिकीकरण गरेका बालअधिकारसम्बन्धी योजना तथा कार्यक्रम भएको सुनिश्चित गर्ने,
- गाउँसभा वा नगरसभाले पारित गरेका योजना, कार्यक्रम तथा बजेटको कार्यान्वयनको लागि वडा अध्यक्ष, वडा समिति र स्थानीय तहसँग समन्वय गर्ने र निरन्तर सरोकार राख्ने ।

## परिच्छेद–५ः

# परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता प्रवर्द्धन गर्न उपयोगी हुने केही विधिहरू

## शरीर नक्साङ्कन
## (Body Mapping)

### परिचयः

शरीर नक्साङ्कन विधि प्रयोग गरेर- (क) बालबालिकाका विकासात्मक आवश्यकता, (ख) बालबालिकाका अधिकार र तिनलाई पूरा गर्ने जिम्मेवारी, (ग) बालसंरक्षणका सवाल र तिनको सम्बोधन- लगायतका विषयमा छलफल गर्न सकिन्छ। त्यसैगरी, बालअधिकार परिपूर्तिका लागि गर्नुपर्ने क्रियाकलाप तथा बालबालिकाले आफ्ना अधिकार उपभोग गर्न गर्नुपर्ने कार्य/कर्तव्यबारे समेत यस विधिमार्फत छलफल गर्न सकिन्छ।

### आवश्यक सामग्रीः

न्युजप्रिन्ट पेपर वा कार्डबोर्ड पेपर, मार्कर (विभिन्न रङ्गको), ग्लुस्टिक, पोष्ट इट पेपर।

### अनुमानित समयः

४० देखि ४५ मिनेट *(छलफल गर्ने विषयवस्तुअनुसार समय फरक पर्नसक्ने)*।

### विधि प्रयोग गर्ने प्रक्रियाः

- सहभागी बालबालिकालाई दुई समूह *(बालक समूह र बालिका समूह)* मा बाँडने र उनीहरूलाई न्युजप्रिन्ट पेपर वा कार्डबोर्ड पेपर जोडर बनाइएको ठूलो चार्टपेपरमा सुत्न लगाई एक बालक र एक बालिकाको शरीरको नक्साङ्कन गर्न लगाउने।
- शरीरको चित्रमा टाउको *(बौद्धिक)*, जीउ (हातखुट्टा र शरीर), मुटु *(भावना/मनोविज्ञान)* र सामाजिक बालबालिकाको वरिपरिको वातावरणलाई सङ्केत गर्न लगाउने।
- दुवै समूहका सदस्यहरू आ-आफ्नो समूहमा घेराबद्ध भई बालबालिकाको शारीरिक, भावनात्मक/ मनोवैज्ञानिक, बौद्धिक र सामाजिक विकासमा आवश्यक अधिकारबारे छलफल गर्न लगाउने।

- सबै सहभागीलाई पोष्ट इट पेपर दिई आफूलाई महत्वपूर्ण लागेको अधिकारको बुँदा टिप्न लगाउने ।
- साथीहरूले छलफलमा ल्याएका मुख्यमुख्य अधिकारलाई शरीरको चित्रमा कुन पक्षसँग बढी सान्दर्भिक हो त्यहाँ लेख्न *(वा पोष्ट इटमा लेखी टाँस्न)* सहभागीमध्ये दुई वा तीन जनालाई जिम्मेवारी दिने ।
- बालअधिकारबारे छलफल सकिएपछि दोस्रो चरणमा ती अधिकार पूरा गर्नको लागि कसको के कस्ता जिम्मेवारी वा दायित्व हुन्छन् भन्नेबारे छलफल गर्न सहजीकरण गर्ने ।
- जिम्मेवारी बहन गर्ने कर्ताहरूमा- स्वयं बालबालिका, अभिभावक, छिमेकी र समुदाय, बालक्लब, आमासमूह, स्थानीय बालअधिकार समिति, स्थानीय तहका अन्य संरचनाहरू, स्थानीय सरकार, प्रदेश तहका निकाय र सङ्घीय तहका निकाय-को भूमिका क्रमवद्ध रूपमा पहिचान गर्न सहजीकरण गर्ने ।
- आएका मुख्य-मुख्य बुँदाहरूलाई शरीरको चित्रमा कुन पक्षसँग बढी सम्बन्धित हो त्यहाँ लेख्न *(वा पोष्ट इटमा लेखेर टाँस्न)* लगाउने ।
- त्यसपछि, बालअधिकार र पूरा गरिनुपर्ने जिम्मेवारी वा दायित्वबारे सबैको विचार चित्रमा टाँसिसकेपछि त्यसलाई भित्तामा टाँसेर सबैसामु प्रस्तुत गर्न लगाउने *(बालक र बालिका दुबै समूहको)* ।
- यसरी प्रस्तुति गर्दा कुनै सहभागीले कुनै कुरा थप गर्न चाहेमा भिन्न रङ्गको पोष्ट इटमा लेखी चित्रमा टाँस्न दिने ।
- सबै सहभागीलाई धन्यवाद दिई शरीर नक्साङ्कन विधिको समापन गर्ने ।

### विधि प्रयोग गर्दा सहजकर्तालाई सुझावः

- शरीर नक्साङ्कन विधिको प्रयोग गरी बालबालिकासँग योजना चक्रका कुन चरणमा के कस्ता सूचना जानकारी सङ्कलन गर्ने हो सोहीअनुसार प्रश्न वा चेकलिस्ट तयार गरी छलफलको सहजीकरण गर्न सकिन्छ ।
- सूचना जानकारी सङ्कलन गर्दा *(वा विधि प्रयोग गरिरहँदा)* सहभागी बालबालिकालले गरेका मसिना छलफल समेतलाई सहजकर्ताले छुट्टै टिपोट गर्नु गराउनुपर्दछ । त्यस्तो टिपोटलाई विश्लेषण गरी योजना चक्रका उपयुक्त चरणमा समावेश गर्नुपर्दछ ।
- विधि प्रयोग गर्दा सबैको सक्रिय सहभागिता गराउन र सूचना जानकारीबारे बालबालिकाले बढी विश्लेषणात्मक छलफल गरून् भन्नेबारे ध्यान दिनुपर्दछ ।

# सामाजिक नक्साङ्कन
## (Social Mapping)

**परिचयः**

समुदायमा बालबालिकाको स्थिति एवम् बालअधिकारको आवस्थाबारे सूचना सङ्कलन गर्न सामाजिक नक्साङ्कन एक सहभागितामूलक विधि हो। कुनै एक समुदायको निश्चित क्षेत्रभित्र[२३]-

(क) कुन र कस्ता प्रकारका स्रोत साधन कहाँ उपलब्ध छन्;

(ख) विद्यालय, स्वास्थ्य संस्था, बालसंरक्षण संरचना तथा सेवा प्रदायक के-के छन् र ती कहाँ छन्;

(ग) कुन घरपरिवारमा कुन-कुन उमेरका कति बालबालिका छन्; कति बालबालिका विद्यालय गइरहेका छन् र कति जना चाहिँ विद्यालय गइरहेका छैनन्;

(घ) आधारभूत स्वास्थ्य स्याहार, खोप र उपचारको प्रबन्ध के कस्तो रहेको छ र त्यो कत्तिको पहुँचयोग्य छ;

(ङ) बालक्लब/समूह वा सञ्जाल छन् कि छैनन् र के-कति बालबालिका सदस्य भएका छन्;

(च) बालबालिकाको जन्मदर्ता, सामाजिक सुरक्षा वा संरक्षणमा पहुँचको स्थिति के-कस्तो रहेको छ;

(छ) बालसंरक्षणको अवस्था के-कस्तो रहेको छ, मुख्य जोखिम के रहेका छन्;

(ज) बालबालिकाको समस्या समाधान गर्नका लागि समुदायमा नै के-कस्ता स्रोत उपलब्ध छन् र बाह्य स्रोतबाट के कस्ता स्रोतको प्रबन्ध गरिनुपर्दछ;

भन्ने लगायतका बालअधिकारसँग सम्बन्धित सवालबारे जानकारी सङ्कलन गर्न यो विधि उपयोगी हुन्छ।

परियोजना चक्रअन्तर्गत समस्या पहिचानको चरण र परियोजनाको डिजाइनको चरणमा सामाजिक नक्साङ्कन विधिको प्रयोग गरी बालबालिकासँग समुदायमा विद्यमान स्रोत-साधन र समस्याबारे जानकारी सङ्कलन गर्न यो विधि प्रयोग गर्न सकिन्छ।

**आवश्यक सामग्रीः**

- न्युजप्रिन्ट पेपर वा कार्डबोर्ड पेपर, मेटाकार्ड *(पर्याप्त मात्रामा)*, मार्कर वा साइन पेन *(विभिन्न रङ्गको)*, ग्लुस्टिक, पोष्ट इट पेपर, नोटबुक, पेन।

---

[२३] सामाजिक नक्सा कुन प्रयोजनले बनाउन लागिएको हो भन्ने आधारमा त्यसमा सङ्केत गरिने स्थान र छलफल गर्ने विषय अलग हुन्छन्। सहजकर्ताले यो विधि सञ्चालन गर्नु अगावै त्यसबारे यकिन गरी विषयको रूजुसूची बनाउनुपर्दछ।

- घरपरिवार, विद्यालय, स्वास्थ्य संस्था, बालक्लब, स्थानीय तह, स्थानीय बालअधिकार समिति, सेवा प्रदायक निकाय वा संस्थालाई झल्काउने रङ्गीन कागज काटेर बनाइएका सङ्केत चिन्हहरू ।
- भुइँमा सामाजिक नक्साङ्कन बनाउनको लागि पुग्ने पर्याप्त ठाउँ ।

**अनुमानित समयः**

६० देखि ७५ मिनेट *(छलफल गर्ने विषयवस्तु कति राख्ने भन्ने आधारमा समय फरक पर्नसक्दछ)* ।

**विधि प्रयोग गर्ने प्रक्रियाः**

- यस विधिको प्रयोग गर्दा सहभागीलाई ६ देखि १० जनाको स-साना समूहमा राख्नुहोस् ।
- भिन्न उमेर समूहका बालक वा बालिकाका विचार आऊन् भन्ने अभिप्रायले सहभागीलाई उमेर समूहको आधारमा बालक र बालिका गरी चार समूहमा विभाजन गर्न सकिन्छ ।
- समूह-१ मा १० वर्षमाथि र १४ वर्ष उमेर पूरा नगरेका बालिका; समूह-२ मा १० वर्षमाथि र १४ वर्ष उमेर पूरा नगरेका बालक; समूह-३ मा १५ वर्षमाथि र १८ वर्ष उमेर पूरा नगरेका बालिका; र समूह-४ मा १५ वर्षमाथि र १८ वर्ष उमेर पूरा नगरेका बालकलाई राख्नुहोस् ।
- चारवटै समूहलाई अलग-अलग सामाजिक नक्सा बनाउन लगाउनुहोस् । यसो गर्दा चारै समूहको लागि सहयोगी सहजकर्ताको व्यवस्था गरिनुपर्दछ र मुख्य सहजकर्ताले सबै समूहलाई आवश्यक निर्देशन दिनु वा सहजीकरण गर्नुपर्दछ ।
- सबभन्दा पहिला सहभागीलाई समुदायको निश्चित क्षेत्रको भौगोलिक नक्सा बनाउन लगाउनुहोस् । उक्त क्षेत्रभित्र घरपरिवार, हिंडने बाटो, खेल मैदान, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, गाउँपालिका वा नगरपालिका, स्थानीय बालअधिकार समिति, सेवा प्रदायक निकाय वा संस्था, बालक्लब/संस्था वा सञ्जालको बैठक बस्ने ठाउँ, वन, सामुदायिक भवन आदिलाई उक्त नक्साको कुन ठाउँमा पर्दछ, त्यसलाई सङ्केत चिन्ह दिन भन्नुहोस् । साथै, ती ठाउँहरू नक्साको केन्द्रबाट अन्दाजी कतिजति दूरीमा रहेका छन् त्यो समेत अनुमान गर्न लगाउनुहोस् ।
- त्यसपछि नक्सामा देखाइएका कुन-कुन ठाउँहरू के कति कारणले बालबालिकाका लागि सहजै पहुँचयोग्य, सुरक्षित र अनुकूल छन् अनि कुन चाहिँ ठाउँहरू असहज, असुरक्षित र अनुपयुक्त छन्, त्यो समेत खतरा झल्किने *(जस्तै कि रातो टिका)* वा सुरक्षित *(जस्तै कि हरियो टिका)* सङ्केत राखी देखाउन भन्नुहोस् ।
- कुनै ठाउँ विशेषबारे बालबालिकाले केही कुरा बताउन चाहेमा समूहमा त्यसो गर्न दिनुहोस् र मुख्य कुरा पोष्ट इट पेपरमा लेखी नक्साको सोही स्थानमा टाँस्न भन्नुहोस् ।

- त्यसपछि सहजकर्ताले चारओटै समूहलाई सामाजिक नक्सा तयार गर्दा आफूहरूले गरेको अनुभव र मुख्य-मुख्य छलफलबारे प्रस्तुत गर्नका लागि समय दिनुहोस् । र, उक्त नक्सा तालिम हल वा कोठाको भित्तामा एक एक गर्दै लहरै टाँस्न भन्नुहोस् ।
- सबै समूहको प्रस्तुति पछि यस क्रियाकलापलाई अन्त्य गर्नुहोस् । अनि, सबै सहभागीलाई उहाँहरूको योगदानको लागि धन्यवाद दिनुहोस् ।

### विधि प्रयोग गर्दा सहजकर्तालाई सुझावः

- प्रस्तुत क्रियाकलाप गर्दा बालबालिकालाई खास कुन विषयमा केन्द्रित भएर सामाजिक नक्सा बनाउन लगाउने हो भन्ने कुरामा तयारी गरी सोहीअनुसार रूजुसूची बनाउनुपर्दछ ।
- विधि प्रयोग गरिरहँदा सहभागी बालबालिकाले गरेका मुख्य-मुख्य छलफलबारे सहयोगी सहजकर्ताहरूलाई छुट्टै टिपोट गर्न लगाउनुपर्दछ ।
- विधि प्रयोग गर्दा सबैको सक्रिय सहभागिता गराउन र सूचना जानकारीबारे बालबालिकाले बढी विश्लेषणात्मक छलफल गरून् भन्नेबारे सहजकर्ताले विशेष ध्यान दिनुपर्दछ ।

# समस्याको पर्खाल
## (Wall of Problems)

### परिचयः

बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणबारे बालबालिकासँग छलफल गरी स्थानीय समुदायमा विद्यमान समस्याहरू पहिचान गर्न यो विधि अन्यन्तै उपयोगी हुन्छ। समस्याको पर्खाल (Wall of Problems) विधि प्रयोग गरेर बालबालिकाले पहिचान गरिएका समस्यालाई सम्बोधन गर्न के गर्न सकिन्छ भनेर समाधानका उपायहरू समेत पहिल्याउन लगाउनुपर्दछ। यसको लागि बालबालिकासँग कुशल किसिमले सहजीकरण गरिनु आवश्यक हुन्छ।

### आवश्यक सामग्रीः

न्युजप्रिन्ट पेपर वा कार्डबोर्ड पेपर, मेटाकार्ड *(पर्याप्त मात्रामा)*, मार्कर वा साइन पेन *(विभिन्न रङ्गको)*, ग्लुस्टिक वा थमपिन, पोष्ट इट पेपर, नोटबुक, पेन।

### अनुमानित समयः

६० देखि ७५ मिनेट *(छलफल गर्ने विषयवस्तु कति राख्ने भन्ने आधारमा समय फरक पर्नसक्दछ)*।

### विधि प्रयोग गर्ने प्रक्रियाः

- यस विधिको प्रयोग गर्दा १० वर्षमाथि र १८ वर्ष उमेर पूरा नगरेका २४ जना बालबालिकालाई सहभागी गराउन सकिन्छ।
- भिन्न उमेर समूहका बालक-बालिकाका विचारहरू आओस् भन्ने अभिप्रायले सहभागीलाई उमेर समूहको आधारमा बालक र बालिका गरी चार समूहमा विभाजन गर्नुहोस्।
- समूह-१ मा १० वर्षमाथि र १४ वर्ष उमेर पूरा नगरेका बालिका; समूह-२ मा १० वर्षमाथि र १४ वर्ष उमेर पूरा नगरेका बालक; समूह-३ मा १५ वर्षमाथि र १८ वर्ष उमेर पूरा नगरेका बालिका; र समूह-४ मा १५ वर्षमाथि र १८ वर्ष उमेर पूरा नगरेका बालकलाई राख्नुहोस्।
- सबै समूहलाई एउटै कोठामा चार अलग ठाउँमा अर्द्धचन्द्राकारमा वरिपरी राखी सहजकर्ता बीचमा उभिनुपर्दछ।

त्यसपछि सहजकर्ताले चारओटै समूहलाई आधारभूत बालअधिकार *(शिक्षा, स्वास्थ्य, पालनपोषण, सहभागिता, उचित मार्गदर्शन, परिवारसँग बस्न पाउने)*, बालसंरक्षण *(बालबालिकाविरूद्धको भेदभाव, हिंसा, दुर्व्यवहार, यौनदुर्व्यवहार)*, शोषण, परम्परागत हानिकारक अभ्यास, यातना, बेवास्ता), समुदायमा बालअनुकूल वातावरण तथा स्थानीय तहका बालअधिकार एवम् बालसंरक्षणसम्बन्धी संरचनाको कार्य लगायतका विषय दिई तिनमा के

कस्ता समस्याहरू विद्यमान छन् समूहमा छलफल गरी लेख्न लगाउनुपर्दछ ।

- कुनै दिइएको विषयमा समूहमा छलफल गरी सहमत भएका तीनदेखि चारओटा समस्या वा सवालहरू मेटाकार्डमा लेख्न लगाउनुपर्दछ । मेटाकार्डमा लेख्दा ठूलो अक्षरमा एउटा कार्डमा एउटा मात्र बुँदा लेख्न भन्नुहोस् ।
- सहजकर्ताले एक सवाल दिने त्यसमा सहभागी चारओटै समूहलाई पाँचदेखि सात मिनेट छलफल गर्न लगाउने र समूह सहमत भएका बुँदाहरू मेटाकार्डमा लेखी राख्न लगाउनुहोस् ।
- सबै सवालमा छलफल गरी समस्या पहिचान गरी सकिएपछि चारओटै समूहलाई एक एक गर्दै आफ्नो समूहले टिपेका समस्याहरू भन्न लगाउनुहोस् । यसरी एक समूहले भनेको समस्या अर्को समूहले पनि लेखेको भएमा उक्त मेटाकार्ड हटाउन लगाउनुहोस् ।
- समूहकार्यबाट आएका समस्यालाई  एक एक गरी भित्तामा ईँटाको पर्खाल लगाएको जस्तै देखिने गरी टाँसी साङ्केतिक रूपमा 'समस्याको पर्खाल' बनाउनुहोस् ।

(दोस्रो चरण)

- क्रियाकलापको दोस्रो चरणमा अघिकै चार समूहलाई एक एक समस्या रूपी ईँटा लिँदै 'उक्त समस्यालाई सम्बोधन गर्नका लागि के गर्नुपर्दछ' भनी सामाधानका उपायबारे छलफल गरी मेटाकार्डमा लेख्न लगाउनुहोस् *(अघिझैं एक मेटाकार्डमा एउटामात्र सवाल लेख्न लगाउनुपर्दछ)* ।
- सहभागी समूहलाई पालैपालो आफ्ना मेटाकार्डमा लेखिएका बुँदा भन्न लगाउनुहोस् । दोहोरिएका बुँदा हटाउन भन्नुहोस् । र, समाधानका सबै विकल्पलाई टाँस्दै समस्या रूपी पर्खालको इँटा झिक्दै समाधान रूपी इँटाले नयाँ पर्खाल बनाउनुहोस् ।
- समय-समयमा सहभागीलाई के यति गरिएमा समस्याको पर्खालको कुनै इँटालाई नष्ट गर्न सकिन्छ त भनी सोध्दै आवश्यक परेमा थप समाधान खोज्न समेत अवसर दिनुहोस् ।
- त्यसपछि पनि सहभागीलाई कुनै समाधानका उपाय फुरेमा पोष्ट ईट पेपर दिई त्यसमा लेखी समाधानको पर्खालको उपयुक्त ठाउँमा उक्त बुँदा टाँस्ने थप अवसर दिनुहोस् ।
- सबै समस्याको समाधान पहिल्याइसके पछि यस क्रियाकलापलाई अन्त्य गर्नुहोस् । अनि सबै सहभागीलाई उहाँहरूको योगदानको लागि धन्यवाद दिनुहोस् ।

### विधि प्रयोग गर्दा सहजकर्तालाई सुझावः

- प्रस्तुत क्रियाकलाप गर्दा बालबालिकाले पहिचान गरेका समस्या र तिनलाई सम्बोधन गर्ने सबै उपायहरूलाई आवश्यकताअनुसा परियोजनाका चरण १ र चरण २ मा समावेश गर्न सकिन्छ । यसको लागि सहजकर्ताले

सवाल नदोहोरिने गरी सिलसिलेवार रूपमा टिपोट गरी बालअधिकार तथा बालसंरक्षणसम्बन्धी समस्या र समाधानको विवरण तयार पार्नुपर्दछ।

- समस्या र समाधानका उपाय सङ्कलन गर्दा (वा विधि प्रयोग गरिरहँदा) सहभागी बालबालिकालले गरेका मसिना छलफल समेतलाई सहजकर्ताले छुट्टै टिपोट गर्नु गराउनुपर्दछ। त्यस्तो टिपोटलाई विश्लेषण गरी योजना चक्रका उपयुक्त चरणमा समावेश गर्न सकिन्छ।
- विधि प्रयोग गर्दा सबैको सक्रिय सहभागिता गराउन र सूचना जानकारीबारे बालबालिकाले बढी विश्लेषणात्मक छलफल गरून् भन्नेबारे सहजकर्ताले विशेष ध्यान दिनुपर्दछ।

# आदर्श परिकल्पना

## (Ideal Dreaming)

### परिचय

(बालमैत्री गाँउपालिका वा नगरपालिका वा वडाको)

यस सत्रमा बालबालिकाले परिकल्पनाको माध्यमबाट आफूले चाहेको बालमैत्री गाँउपालिका वा नगरपालिका वा वडाको चित्रण गर्न सक्षम हुनेछन् ।

### समयः

६० मिनेट ।

### आवश्यक सामग्रीः

न्युजप्रिन्ट पेपर, मार्कर, मस्किङ्ग टेप, साइनपेन, सिसाकलम (पेन्सिल), इरेजर, कटर, मैन रङ्ग, आदि ।

### प्रक्रियाः

- बालबालिकालाई उमेर समूहको आधारमा चारवटा समूहमा विभाजन गर्नुहोस् । १२ वर्षसम्मका बालक र बालिका गरी दुई समूह र १२ देखि माथि र १८ वर्ष उमेर पूरा नगरेका बालक र बालिकाको छुट्टाछुट्टै दुई समूह गरी चार समूह बनाउन सकिन्छ ।
- प्रत्येक समूहलाई आवश्यकताअनुसार न्युजप्रिन्ट पेपर, सिसाकलम, इरेजर, सार्पनर, साइनपेन र मैन रङ्ग दिनुहोस् । बालबालिकालाई दुइमिनेटसम्म आँखा बन्द गरी समुदायमा अफूलाई मन परेको र मन नपरेको तथा सुरक्षित र असुरक्षित अवस्थाबारे मनमनै सोच्न लगाउनुहोस् ।
- त्यसपछि समूहलाई आदर्श परिकल्पनाको अधारमा कुनै स्थान विशेषको सामाजिक नक्साङ्कनको चित्र दिमागमा कोर्न लगाउनुहोस् । नक्साङ्कनमा आएका कुराको आधारमा एक वर्षपछि बालबालिकाको लागि कस्तो परिवार, समुदाय, विद्यालय र परिवेश देख्न चाहनुहुन्छ त्यसबारे पार्श्वचित्रण गर्न लगाउनुहोस् ।
- त्यस्तै, बालबालिकाका लागि उपयुक्त, सुरक्षित तथा बालमैत्री परिवार, समुदाय, विद्यालय, संरचना भएको समाज बनाउनको लागि के के कुरा आवश्यक पर्लान् भन्ने बारे थप कल्पना गर्न भन्नुहोस् ।
- यसरी कल्पना गर्दा, बालबालिकाले अफ्नो वडाका बालबालिकामाथि के कस्तो व्यवहार गरियोस्, के कस्ता अधिकार परिपूर्ति होऊन्, कस्तो वातावरण र भौतिक संरचना बनोस् र के कस्ता रितिरिवाज वा संस्कृति भएमा बालबालिका खुशी हुनेछन् भन्ने कुरा सोच्न लगाउनुहोस् ।

- साथै, गाँउपालिका वा नगरपालिकाले कस्तो खलको नीति, योजना र कार्यक्रम बनाएमा बालबालिकाका आधारभूत अधिकार परिपूर्ति हुन्छ, त्यसबारे सोच्न र सुझाव खोज्न भन्नुहोस् ।
- त्यसपछि, बालबालिकालाई आँखा खोली आफूले परिकल्पना गरेको आदर्श बालमैत्री परिवार, टोल र समुदायमा के के कुरा हुनुपर्दछ सोको टिपोट गरी चित्र, कथा, कविता, गीत वा अन्य आफूलाई राम्रो लाग्ने कुनै पनि माध्यमबाट प्रस्तुत गर्न लगाउनुहोस् ।
- समूहकार्य सकिएपछि सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- सबै सहभागीलाई धन्यवाद दिँदै क्रियाकलाप अन्त्य गर्नुहोस् ।

**कन्सोर्टियम नेपालको आयोजनामा २२–२३ जुलाई २०२५ मा काठमाण्डौमा सम्पन्न**

**परियोजना चक्र व्यवस्थापनमा बालसहभागिता विषयक कार्यशाला**का सहभागीहरू[२४] :

१. श्री अञ्जु पोखरेल, युथ एलाएन्स फर इन्भारोमेन्ट, काठमाण्डौ ।

२. श्री अर्जुन थापा मगर, सेभ द चिल्ड्रेन, काठमाण्डौ ।

३. श्री अरविन खड्का, जेसिवाइसिएन, काठमाण्डौ ।

४. श्री अविनाश कार्की, युवालय, ललितपुर ।

५. श्री अश्मिता राई, एक्का नेपाल, ललितपुर ।

६. श्री ओमप्रकाश सेन ठकुरी, लिगल लिटरेसी नेपाल, काठमाण्डौ ।

७. श्री कृष्ण तामाङ्ग, सिविन नेपाल, काठमाण्डौ ।

८. श्री गौरव केसी, कन्सोर्टियम नेपाल, काठमाण्डौ ।

९. श्री टिसा सुधाकर डंगोल, कन्सोर्टियम नेपाल, काठमाण्डौ ।

१०. श्री परसुराम चौधरी, ब्लु डायमण्ड सोसाइटी, काठमाण्डौ ।

११. श्री परीक्षा लामिछाने, साथी, ललितपुर ।

१२. श्री भरतबहादुर शाही, किडार्क नेपाल ।

१३. श्री भीमप्रसाद उपाध्याय, श्री साथी नेपाल, कास्की ।

१४. श्री रिवाजविक्रम भण्डारी, चाइल्ड नेपाल, चुच्चेपाटी, काठमाण्डौ ।

१५. श्री रूपा कठायत, हातेमालो सञ्चार, ललितपुर ।

१६. श्री रूपा महर्जन, रिलिफ नेपाल, सिन्धुली ।

१७. श्री रोशनप्रसाद श्रेष्ठ, सिजप नेपाल, काठमाण्डौ ।

१८. श्री शालिक डंगोल, सोसल वर्क इन्स्टिच्युट, ललितपुर ।

१९. श्री सन्तोष महर्जन, कन्सोर्टियम नेपाल, काठमाण्डौ ।

२०. श्री सुरज श्रेष्ठ, सिविस नेपाल, काठमाण्डौ ।

२१. श्री सोनिया निरौला, कन्सोर्टियम नेपाल, काठमाण्डौ ।

२२. श्री हेमबहादुर मोक्तान, गुडवीभ नेपाल, काठमाण्डौ ।

२३. सहजकर्ता श्री चन्द्रिका खतिवडा, इन्स्टिच्युट फर लिगल रिसर्च एण्ड कन्सल्टेन्सी, लाजिम्पाट ।

---

[२४] माथि उल्लेखित सहभागीहरूले यस पुस्तिकाको मस्यौदाउपर सुझाव दिई परिमार्जन गर्न सघाउनुभएकोमा हामी वहाँहरू सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

# सन्दर्भ सामग्री


केन्द्रीय बालकल्याण समिति र कन्सोर्टियम नेपाल, **बालबालिकाको सुनवाइको अधिकार**, संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ (The right of the child to be heard) को नेपाली अनुवाद (अनुवादकः चन्द्रिका खतिवडा), काठमाण्डौ, सन् २०१२ ।

राष्ट्रिय योजना आयोग, **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन**, २०७५ (नमूना), राष्ट्रिय योजना आयोग, काठमाण्डौ, वि.सं २०७५ ।

मधेश प्रदेश सरकार, **प्रदेश बालसहभागितासम्बन्धी कार्यविधि**, २०७८, शिक्षा तथा समाजकल्याण मन्त्रालय, जनकपुर, वि.सं २०८० ।

चन्द्रिका खतिवडा, **स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रवर्द्धन तथा बालसंरक्षणको लागि सहयोगी पुस्तिाका**, केन्द्रीय बालकल्याण समिति र वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, ललितपुर ।

चन्द्रिका खतिवडा, **खानेपानी, स्वास्थ्य र सरसफाइ तथा बालअधिकारसम्बन्धी सन्दर्भ पुस्तक**, नेपाल स्वास्थ्यको लागि पानी (नेवा), काडमाण्डौ, सन् २०१० ।

चन्द्रिका खतिवडा, **खानेपानी, स्वास्थ्य र सरसफाइ तथा स्वास्थ्य परियोजनामा नैतिकतापूर्ण तथा अर्थपूर्ण बालसहभागिता प्रवर्द्धनका लागि मार्गनिर्देशन**, सेभ द चिल्ड्रेन फिनल्याण्ड, वाटर एड नेपाल र नेपाल स्वास्थ्यको लागि पानी (नेवा), काडमाण्डौ, सन् २०११ ।

चन्द्रिका खतिवडा, **बाल-पैरवी सहजीकरण निर्देशिका**, कन्सोर्टियम नेपाल, काठमाण्डौ, वि.सं. २०८० ।

चन्द्रिका खतिवडा, जियमबाबु श्रेष्ठ र कुमार भट्टराई **बालसहभागिता प्रवर्द्धनका लागि सहभागितामूलक विधिहरूको सङ्गालो**, कन्सोर्टियम नेपाल, काठमाण्डौ, सन् २०१० ।

Chaire O'Kane, **Children's Participation in the Analysis, Planning and Design of Programmes: A guide for Save the Children staff**, Save the Children Fund, England and Walse, 2013 AD.

Save the Children, **The Nine Basic Requirements for Meaningful and Ethical Children's Participation,** Save the Children, 2021 AD.

Save the Children, **Project Management Handbook**, Save the Children in Bangladesh, 2021 AD.


## संविधान, ऐन तथा निर्देशिका

**नेपालको संविधान** (२०७२) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।

**बालबालिकासम्बनधी ऐन, २०७५** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ ।

**बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ ।

## Founder Member of Consortium Nepal

| S.N | Name of Organization |
|---|---|
| 1 | CWIN Nepal |
| 2 | Concern Nepal |
| 3 | Hatemalo Sanchar |
| 4 | CBRO, Biratnagar |
| 5 | Save The Children UK |
| 6 | Save The Children Norway |
| 7 | Save The Children US |
| 8 | Child Development Society |
| 9 | UPCA Dharan |
| 10 | Safe Nepaljung |

## Member Organization of Consortium Nepal

### Koshi Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | Baal Bikas Samaj (CDS) | Udayapur |
| 2 | FOHREN | Morang |
| 3 | ECDF | Taplejung |
| 4 | Hukudek Nepal | Pachthar |
| 5 | Mahila Jana chetana Kendra | Jhapa |
| 6 | Deurali Society | Therathum |
| 7 | Samudaik Bikas Manch (Community Development Forum,Nepal) | Dhankuta |
| 8 | SODA Bhojpur | Bhojpur |
| 9 | Dur Dristi Bikas Samajh | Sunsari |
| 10 | Young Star Club | Solukhumbu |
| 11 | IRMC Okhaldhunga | Okhaldhunga |
| 12 | Janasewa Samajh | Khotang |
| 13 | HURF Illam | Illam |
| 14 | MATS Nepal | Sankhuwashava |

### Madhesh Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | Jagaran Abhiyan | Saptari |
| 2 | Protection Nepal | Bara |
| 3 | RCDC | Dsanusha |
| 4 | Janasewa Yuwa Club | Rautaht |
| 5 | SABAL Nepal | Saptari |
| 6 | AASMAN Nepal | Dhanusha |
| 7 | Jawas | Dhanusha |
| 8 | RWUA | Sarlahi |

### Bagmati Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | CBR/Bhaktapur | Bhaktapur |
| 2 | Nepal GoodWeave Foundation | Kathmandu |
| 3 | Looniva Child Concern Group | Lalitpur |
| 4 | Global Action Nepal | Kathmandu |
| 5 | FOWEP | Kavre |
| 6 | CBR/Lalitpur | Lalitpur |
| 7 | Child Nepal | Kathmandu |
| 8 | Prayash Nepal | Dhading |
| 9 | CWIN | Kathmandu |
| 10 | Concern Nepal | Kathmandu |
| 11 | Hatemalo Sanchar | Lalitpur |
| 12 | CWISH | Kathmandu |
| 13 | ECCA | Lalitpur |
| 14 | Swan Nepal | Kathmandu |
| 15 | Child Development Society ( CDS) | Kathmandu |
| 16 | Youth Club of Narayanghat | Chitwan |
| 17 | CADWC | Sindhuli |
| 18 | Relief Nepal | Sindhuli |
| 19 | Child Welfare Society (CWS) | Makwanpur |
| 20 | HUREC | Kavre |
| 21 | Cooperation Society Nepal | Nuwakot |
| 22 | YAV Nepal | Bhaktapur |
| 23 | CSN (Sarokar Samaj Nepal) | Kavre |
| 24 | Yuwalaya | Lalitpur |
| 25 | Opportiunity Village Nepal | Kathmandu |
| 26 | Creative Society Nepal | Kavre |
| 27 | Community Development Society (CDS) | Ramechhap |
| 28 | Legal Literacy Nepal | Kathmandu |
| 29 | Social Work Institute | Lalitpur |
| 30 | Shree Saathi Sanstha Nepal | Kathmandu |

### Gandaki Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | Woman Self Help Center | Lamjung |
| 2 | Children Nepal | Kaski |
| 3 | JCYCN | Nawalpur |

| | | |
|---|---|---|
| 4 | Social Walfare Resource Development(SORDEC Nepal) | Kushma, Parbat |
| 5 | Shree Swantra Integrated Community Development Center (SSICID) | Gorkha |
| 6 | Rural Community Development Center | Lamjung |
| 7 | Multidisciplinary Institute for Livelihood Enhancement (MILAN) | Myagdi |
| 8 | Kopila Nepal | Pokhara |
| 9 | GONESHA Nepal | Pokhara |
| 10 | Child Walfare Scheme Nepal(CWSN) | Pokhara |
| 11 | Nepal Gaja Development Foundation | Baglung |

## Lumbini Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | BES Nepal | Palpa |
| 2 | AFHA | Banke |
| 3 | Swan | Dang |
| 4 | Social Rise Help Center | Palpa |
| 5 | Indreni Samajik Bikas Manch | Nawalparasi |
| 6 | Indreni Samaj Kendra ( ISK) | Papla |
| 7 | Human Right Awareness Centre (HURAC) | Rolpa |
| 8 | Lumbini Samajik Bikash kendra | Argakhachi |
| 9 | Kalika Development Centre | Puythan |
| 10 | Intregrated rural development society (IRDS) | Gulmi |
| 11 | Kalika Swablamban Samajik Kendra | Kapilbastu |
| 12 | Hured Nepal | Rukum |
| 13 | Jana Jagaran Mahila Sangh | Bardia |
| 14 | SAC Banke | Banke |
| 15 | Siddhartha Samajik Bikash Kendra | Kapilbastu |
| 16 | Namuna Akrikit Bikash | Rupandehi |
| 17 | Kamaiya Maila Jagaran Samaj | Bardia |
| 18 | Digo Bikash Nimti Ekata | Rupandehi |

## Karnali Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | Everest Club | Dailekh |
| 2 | SAC Nepal | Surkhet |
| 3 | Pace Nepal | Jumla |
| 4 | KIRDARC | Kalikot |
| 5 | HRDC | Jajarkot |
| 6 | Sambandha Nepal | Dailekh |

## Sudur Paschim Province

| S.N | Name of Organization | District |
|---|---|---|
| 1 | BASE | Kailali |
| 2 | Award Nepal | Bajang |
| 3 | NNSWA | Kanchanpur |
| 4 | Peacewin | Bajura |
| 5 | Samaj Sewa | Doti |
| 6 | DEEP-Dignity Equality economic Prosperity | Dadeldhura |
| 7 | FAYA Nepal | Kailali |
| 8 | Rural Development Center Nepal | Aacham |
| 9 | DSDF Nepal | Baitadi |

## “बालसहभागिता: संविधानदेखि व्यवहारसम्म”

# कन्सोर्टियम-नेपाल
# Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम नेपाल)
बुद्धनगर, काठमाडौं ।
फोन नं.: ०१-४७९१३२७
इमेल : participation.consortium@gmail.com
वेवसाइट: http//www.consortium.org.np
सचिवालय: एन.ए.सी.जी नेपाल (NACG Nepal)